साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरूको साझा पत्रिका
वर्ष ४४ अंक २१ २०८२ पुस १ गते मंगलबार (Dec.16, 2025) मूल्य रू. १०/-

## राजतन्त्रमा सहमति गरौं



राप्रपाले ३ दिनको बैठकपछि राष्ट्रिय सहमतिबाटै संवैधानिक राजसंस्था पुनर्स्थापित गरौं भन्ने प्रस्ताव गरेको छ। राप्रपाको शुक्रवारको बैठकले स्पष्ट पारेको छ- संवैधानिक राजसंस्थाको पुनर्स्थापना जनमत संग्रह वा कुनै रक्तपातको बाटोबाट नभई राष्ट्रिय सहमतिको बाटोबाट हुनुपर्ने निष्कर्ष निकालेको हो। अध्यक्ष राजेन्द्र लिङ्देनले प्रष्ट पारेका छने- राजसंस्थाको विषयलाई अल्पमत बहुमतबाट निर्णय गर्न थाले झन् जटिलता उत्पन्न हुने खतरा छ।

राप्रपा बैठकले फागुन २१को आमनिर्वाचन अगावै राजा, राजनीतिक दल र जेनजीबीच नवीन र सार्थक संवाद, सहमति गर्न आह्वान गरेको हो।

राप्रपा बैठकले निरन्तर बढेको रूपमा विकसित निषेधको राजनीति, चरम भ्रष्टाचार, बेरोजगारी, संवैधानिक अङ्गहरूमाथिको दलीयकरण, सत्तालिप्सा, सत्ता केन्द्रित वैदेशिक सम्बन्धको दुष्परिणाम जेनजी आन्दोलन भएको निष्कर्ष निकाल्दै यो अवस्थामा जबरजस्त चुनावमा जानु थप द्वन्द्व बढ्ने उल्लेख गरेको छ।

## अधिवेशनबाटै एमाले आन्दोलित



एमाले अध्यक्ष केपी ओलीले महाधिवेशनको उद्घाटन समारोहबाटै आन्दोलनको सुरूआत भयो भनेका छन्।

ओलीले भनेका छन्- सरकार र जेनजीबीच भएको सम्झौता अनधिकृत हर्कत हो। सरकार प्रतिषोधको बाटोमा हिंडेको छ, जुन एमालेलाई स्वीकार छैन। एमाले अध्यक्षको आह्वान छ- विघटित प्रतिनिधिसभाको पुनःस्थापना, संवैधानिक सरकार गठन र त्यसपछि ताजा जनादेशबाट नयाँ प्रतिनिधिसभा निर्माण गर्ने बाटोमा अगाडि बढौं।

## आठौंपटक पनि देउवा नै



डडेलधुरा कांग्रेसले सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई नै फागुन २१ को चुनावमा एकल सर्वसम्मत सिफारिस गरेको छ। यो उनको आठौंपटकको उमेदवारी हुनेछ। पार्टी सभापतिको दबाबमा उनकै नाम सिफारिस भएको हो। जेनजी आन्दोलनमा दम्पत्ति नै कुटपिटमा परेपछि पनि बृद्ध नेताहरूको चेत खुलेको देखिदैन। कांग्रेस अहिले पनि प्रजातन्त्रको बिडा उठाउने भन्दा पनि एमालेको लहैलहैमा संसद पुनर्स्थापनाकै पक्षमा पनि उभिएको देखिन्छ। एमाले अधिवेशनमा पठाइएका उपसभापति पूर्णबहादुर खड्काले एमाले कांग्रेसका लागि कालोबादल मडारिदाको भरपर्दो साथी भनेर अर्थपूर्ण अभिव्यक्ति दिएका छन्।

## राप्रपाले आन्दोलन छाड्यो



निर्णायक आन्दोलन गर्ने फुइँकी गर्दागर्दै अब जेनजी पुस्तासँग समझदारी गरेर अघि बढ्ने निर्णयमा पुगेको छ। राप्रपाको केन्द्रीय कार्यसमितिको बैठकको नयाँ निर्णयमा भनिएको छ-

-कसैले नहार्ने, देशले जित्ने नवीन समझदारीको बाटो हिंडौं, राजा,राजनीतिक दल र जेनजीवीच नवीन समझदारी गरौं। - राजसंस्थाको पुनःस्थापना जनमतसंग्रहबाट होइन, राष्ट्रिय सहमतिबाट गरौं। - पुस महिनाभर देशभर दबाबमूलक कार्यक्रम गरिने छ। राप्रपाका नेता मोहन श्रेष्ठले भनेका छन्- राप्रपा सकभर राजनीतिक शक्तिहरूका वीचमा राष्ट्रिय सहमतिको पक्षमा छ। अर्थात् राप्रपा थप अराजकता र अस्थिरताको पक्षमा छैन। राप्रपामा आन्दोलन गर्ने शक्ति क्षीण भइसकेको र उसले आफ्ना एजेण्डा छोडेको हो कि भन्ने संशय गर्ने ठाउँ दिएको छ।

## जेनजी सम्झौता असरल्लै हुनेभो

कांग्रेसको मौन समर्थनमा एमालेले सुशीला सरकारमाथि असंवैधानिक आरोप लगाएको छ। सरकारले जालझेल र प्रतिशोधका लागि निर्वाचनको हल्ला गर्दैनिर्वाचन बिथोल्ने 'सरकार-जेनजी सम्झौता'को नाटक मञ्चन गरेर लोकतन्त्रलाई रोक्ने वातावरण सिर्जना गर्ने अनेक प्रपञ्चहरूको जालो बुनिरहेको भनेको छ।




# परराष्ट्रनीति डावाँडोल भयो

सुशीला कार्कीको अन्तरिम सरकारले परराष्ट्रमन्त्री नियुक्त गर्न सकेको छैन। पटकपटक मन्त्रिपरिषद बिस्तार हुँदा पनि परराष्ट्र र रक्षामन्त्री नियुक्त गर्नेतिर चासो नदेखिनु रहस्यमय छ।

भदौ २७ गते ६ महिने कार्यकाल र निर्वाचनको कार्यादेशसहित बनेको सुशीला सरकारले नियुक्त रहेको राजदूतको परिचालन गर्न छाडेर फिर्ता बोलाउने काम गर्‍यो। भदौ २७ अर्थात सेप्टेम्बर १२ मा नियुक्ती पाएको यो सरकारले अक्टोबर ज्ञठ अर्थात घठ दिनपछि नेपालमा रहेका कूटनीतिक कर्प्सलाई ब्रिफिङ गरेकी थिइन्। त्यसपछि निर्वाचनका लागि भारत र चीनले सहयोग गर्ने बताएका थिए। सुशीला सरकारले पाइप लाइनमा भएका ऋण सहयोगबाहेक केही कूटनीतिक कार्य गर्न सकेन।

नेपालको कूटनीति शून्य छ।

विश्वशक्ति र छिमेकी मुलुक आआफ्ना रणनीति र सुरक्षा चासोलाई संवोधन गर्न अधिक चलायमान भएका छन्। ७ सय ६१ सरकार कायमै छन्, संघीयता, संसद र राष्ट्रियसभालाई जनताले कर तिरेर पालिरहेकै छन्। पूर्व राष्ट्रपति, उपराष्ट्रपति सहितका विशिष्ट श्रेणीकाले तिनलाई आजीवन पाल्ने काम जनताकै काँधको भारी हो। जेनजी जुन अनावश्यक भार, भारी, कूशासन, भ्रष्टाचारबाट आक्रोसित थिए, जेनजी विद्रोह बिस्फोटपछिको साँढे तीन महिनापछि पनि कुनै परिवर्तन आएको छैन, आक्रोश घटेको देखिदैन।

हिजो आन्तरिक र बाह्यनीतिको बेथिति थियो, आज पनि त्यस्तै छ। जुन संवेदनशील राजनीतिक भीरमा देश थियो, अब गुल्टिने खतरा बढेको छ। निकास निस्कने छाँट छैन।



पूर्व प्रधान न्यायाधीशको नेतृत्वको सरकारले पनि विधि बसाल्न सकेन। न प्रशासन सुध्रियो, न राजनीति, न कूटनीति नै डिरेलबाट लिकमा आयो। हिजो स्वार्थ हावी थियो, आज पनि स्वार्थ हावी भएको छ। आवश्यकता र नैतिकताको खडेरी उस्तै छ। ८ जना मन्त्रीले चलाउँछु भन्ने प्रम सुशीला कार्कीले १४ जना मन्त्री बनाइसकिन्, तैपनि परराष्ट्र मन्त्री बनाउन चाहिनन्, किन ? दुई ढुंगाको वीचको तरूलजस्तो मुलुकका लागि परराष्ट्रको संवेदनशीलता किन बुझिएन ?

अमेरिका, रूस, भारत, चीनवीच खतरनाक कूटनीतिक जोल्टको स्थिति छ। इन्डो-प्यासिफिक क्षेत्रको रापताप छुट्टै छ। जलवायु परिवर्तनदेखि ऊर्जा कूटनीति, श्रम कूटनीति, लिपुलेक, कालापानीका तनावदेखि बिकसित हुनथालेको बहुपक्षीय कूटनीतिक मोर्चाहरूका विषय छन्, तर नेपालको परराष्ट्र लम्पसार निदाइरहेको छ। सरकारमाथि लागेको वैदेशिकताको आरोप कतै सत्य त होइन, नेपाल कूटनीतिक रूपमा खोक्रिदै त छैन ? यसो हो भने हाम्रो अस्तित्व संकटमा छ।

नेपाल संक्रमणबाट संकटउन्मुख छ, यो स्थितिमा कूटनीतिक चातुर्यता अझ बढी आवश्यक पर्छ। अन्य मन्त्रालयमा मन्त्री नभएर फरक पर्दैन, परराष्ट्र मन्त्रालयलाई हुलाक अड्डाजस्तो निस्कृय बनाउनु अक्षम्य विषय हो। सरकारमा जान अनेक तिकडम गर्ने, सरकार सक्षमतापूर्वक चलाएर देशको क्षमता र विश्वसम्बन्ध बिस्तारमा निराश देखिनु भनेको प्रम कार्कीमा देखिएको खोट नै हो।

परराष्ट्र मन्त्रालय आफैमा राखेकी छिन्, राख्न हुन्छ। तर उनी कूटनीतिक होइन, कानुनकी ज्ञाता हुन्। विश्वशक्तिको प्रतिस्पर्धाबाट विकसित तरलताले नेपालको स्वराजमा चुनौती बढेको छ, विज्ञहरू भन्छन्- यो अवस्थामा कूटनीतिक सन्तुलन ल्याउन काविलता चाहिन्छ। यसो नहुनुले विश्वमञ्चमा नेपाल छायाँमा पर्ने र आवाज नसुनिने भएको छ। नेपालको कूटनीति हास्य बन्यो। नेपालका सगरमाथा संवाद, बहुपक्षीय संगठनहरूमा नेपालका पहलहरू र नेपालको महत्वका अनेक प्रकारका विषयहरू ओझेलमा परिसकेका छन्। त्यसैपनि नेपाल सम्बन्ध र सम्पर्कका माध्यमबाट कूटनीतिमा टिकेको मुलुक हो, त्यो विशेषता पानी पोखिएझैं पोखिन पुगेको छ, उठाउने कसरी ?

सरकार आउँछन् जान्छन्। राजनीतिमा उतारचढाव आइरहन्छ तर कूटनीति स्थिर रहनुपर्छ। राष्ट्रको हित कूटनीतिक मोर्चामा अस्थिर हुनु भयावह संकट हो। नेपालको शक्ति र सामर्थ्य भनेकै कूटनीतिमात्र हो। कूटनीति रित्तो रित्तो हुनु भनेको नेपाल आवाजविहीन हुनु हो, नेपालको महत्व घट्नु हो र नेपालको अस्तित्व असहाय बन्नु हो। नेपालको मत, आवश्यकताको लविङ हुन नसक्नुले सबैखाले चुनौतीहरू बढ्दै जान्छन्, यो रोगबाट देश ग्रसित भयो।

त्यसै पनि नेपाल ग्रेलिष्टमा छ। त्यसमाथि मानवबेचबिखन गर्ने आरोप लागेको छ। नेपालीले पाउनैपर्ने विश्वास गुम्दै गएको छ। भिसामा समेत कुनै मुलुकले भर गर्न नसक्ने कोटीमा नेपाल परिसकेको छ। नेपालमाथिको अन्तर्राष्ट्रिय पत्यार गुमिसक्यो। अमेरिका, रूस, चीन, भारतसँग कूटनीति भताभुङ्ग हुँदैछ, सन्तुलन जरूरी छ।

न निर्वाचनका लागि राजनीतिक सर्वसम्मति र विश्वसनीय आधार बन्नसक्यो, न कूटनीतिक आधार खस्किन रोकियो। दृश्य अदृश्य स्वार्थको उर्जामा बढोत्तरीमात्र देखिन्छ। अन्तरिम सरकारले जिम्मेवारी र जवाफदेहीता बिर्सदै जाँदा अराजकता र अस्थिरता निम्त्याएको छ।

बंगलादेशमा अन्तरिम सरकार छ, मन्त्री थोरै छन्। श्रीलंकामा बिगतमा त्यस्तै देखिएको हो। नेपालभन्दा २२ गुणा ठूलो र १४३ करोड जनसंख्या भएको मुलुकको केन्द्रमा जम्मा ३५ मन्त्री छन्। चीनमा ११ जनाले निर्णय लिन्छन्। अमेरिका १५ मन्त्रीले चलाएका छन्। बेलायतमा १९ जनामात्र मन्त्री छन्। अर्थात् सबैका प्राथमिकता परराष्ट्र, गृह र रक्षामा छ। नेपालमा परराष्ट्र मन्त्रालय छ, काविल नेतृत्व छैन। ०४७ सालको ११ जनाको अन्तरिम सरकारले निर्वाचन गरायो। जोड निर्वाचन र परराष्ट्रमा दिनुपर्ने द्दहो, जोड मन्त्री बनाउनमा दिनु सुशीला सरकारको कमजोरी हो। समूह र समस्या अनगिन्ति छन्। आन्तरिक रूपमा स्थिरता र बाह्य सम्बन्ध सन्तुलन यो सरकारको दायित्व हो। कूटनीतिक जखम र जोखिमतिर पनि ध्यान दिऊँ।

## थपिएका मन्त्री यी पनि जेन–जी

सुरूमा ८ जनाले जेनजीका एजेण्डा पूरा गर्छु भन्ने प्रम सुशीला कार्कीले १४



जना मन्त्री बनाइसकिन्, अझै परराष्ट्र, रक्षाजस्ता मन्त्रालय रित्तै छन्। यी टुप्लुक्क देखिएका थप ४ मन्त्री जेनजी हुन् ? मन्त्री पार्टी खोल्दैछन्, मन्त्री तथा प्रधानमन्त्रीका निर्णयमा अदालतले धक्का दिदैछ। मन्त्रीहरू जेनजी पुस्ताका लागि अनावश्यक घाँडो त बनिरहेका छैनन् ?

जेनजीहरूले मन्त्रिपरिषदको हात्तीजस्तो साइज खोजेका हुन् कि आफूले उठाएका एजेण्डाहरूको संवोधन ? यो सरकारले सम्झौता गरेको छ, ती सम्झौता पूरा हुने सम्भाबना कम छ।

# सरकारको ढोकामै जेनजीको बिजोग

जेनजी आन्दोलनमा मारिने ७८ जनाका परिवारजन बेहालमा छन्। आन्दोलनमा घाइतेहरू उपचार नपाएर जेनजी नामधारी सरकारको मूलढोका अर्थात् सिंहदरवारको ढोकामै धर्ना बस्न बाध्य पारिएका छन्।

खास जेनजीहरूले प्रधानमन्त्री, मन्त्रीहरूलाई भेट पाउन छाडेका छन्। केही घाइते जेनजीहरूले अर्थमन्त्रीलाई भेट गरेर आफ्ना दुःखेसो पोख्न खोज्दा मन्त्री रामेश्वर खनालले भेट दिएनन्। भेट पाउनुपर्छ भनेर घाइते, अङ्गभङ्ग भएका जेनजी युवाहरूले सिंहदरवारको ढोकामा धर्ना दिन बाध्य पारिएका छन्। घाइतेहरूले सिंहदरवार प्रवेश पास समेत नपाएको विषयमा जेनजी सरकार प्रमुख सुशीला कार्कीले समेत घाइते जेनजीहरूको विषयमा चासो राखिनन्।

जेनजी भनेका माग्न आउने हुन्, माग्नेलाई भेटेर के हुन्छ भन्ने मनस्थिति जेनजीका काँधमा चढेर सत्तामा पुगेकाको मनस्थिति रहेको देखिन्छ। जेनजीले ज्यान दिए, रगत दिए, अंग दिए, लाठी खाए, यातना भोगे, जो बाँचेका छन्, तिनको जीवन झन पीडादायी बनेको छ, जो मरे तिनका परिवारजन छटपटीमा छन्, तिनका कुरासम्म सुन्न नचाहने प्रधानमन्त्री सुशीला कार्की र उनका मन्त्रीहरू प्रभावशाली बनेका जेनजीहरू सँग मात्र भेट गरिरहेका छन्, तिनका कुरा सुनिरहेका छन्। भनिन्छ, यस्ता प्रभावशाली जेनजीहरू आइएनजीओको प्रभावमा छन् र आफूलाई प्रभावशाली बनाउन, देखाउन मन्त्री प्रधानमन्त्रीहरू तिनलाई भेटिरहेका छन्।




आइतवार सिंहदरवारको गेटमा धर्ना दिने घाइते जेनजीहरूले आक्रोसित भएर प्रेससँग भनेका छन्- घाइते जेनजीहरूको उपचार र तिनको जीवनयापनमा सरकारले ध्यान दिनुपर्छ भनेका छन् भने रिलायन्स स्पिनिङ मिल्सको वैदेशिक रोजगारमा गएका नेपालीहरूको लागि निष्काशित आइपी बाँडफाड प्रक्रियालाई तत्काल रोक्नुपर्ने, निष्पक्ष छानबिन आयोग गठन गरी तत्काल धितोपत्र बोर्ड अध्यक्ष सन्तोष नारायण श्रेष्ठलाई निलम्बन गर्नु पर्ने, बोर्ड अध्यक्ष दोषी ठहरिए तत्काल बर्खास्त गर्नुपर्ने र भ्रष्टाचारमा संलग्न जोसुकै भए पनि दोषीहरूलाई हदैसम्मको कानुनी कारबाही गर्नुपर्ने माग समेत अघि सारेका छन्।

सिंहदरवारको ढोकामा जेनजीले यसरी पसारो पर्ने दिन पनि आउने रहेछ भन्दै गत भदौ २३ र २४ को जेनजीको आन्दोलन, बिद्रोह, ज्वालामुखी सरह फुटेको आगजनी देख्नेहरू भन्छन्- सत्ताको सोचमा कुनै परिवर्तन आएन। कोही सुध्रिएनन्। मर्ने मरेर गए, बाँच्नेहरूले अझै कति पीडा भोग्नुपर्ने हो ?

# राष्ट्रपतिको आह्वान कसैले टेरेनन्



गत शुक्रबार शीतल निवासमा नेपाल प्रजातन्त्र सेनानी सङ्घका पदाधिकारीहरूसँगको भेटको अवसर पारेर राष्ट्रपति रामचन्द्र पौडेलले लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै मुलुकको विकासका लागि तोकिएको समयमा निर्वाचन गरी अहिलेको अवस्थालाई सहज रूपमा निकास दिन आवश्यक रहेको बताउँदै सबै पार्टीहरूलाई निर्वाचनतिर आकर्षित हुन आग्रह गरेका छन्। तर पार्टीहरू निर्वाचन भन्दा पनि संसद पुनर्स्थापनालाई बढी ध्यान दिइरहेका छन्।

गतहप्ता एमाले अध्यक्ष केपी ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटेपछि एकाएक कांग्रेस सर्वोच्चमा पुगेर संसद पुनर्स्थापनामा मुद्दा दायर गर्न पुग्यो। यद्यपि कांग्रेसले चुनावमा जाने निर्णय गरिसकेको थियो।

राष्ट्रपतिले जेनजी आन्दोलनको सम्झना दिलाउँदै भनेका थिए- विभिन्न दुष्चक्रबाट मुक्त भएर राजनीतिक परिवर्तनपछिको अबको समय लोकतन्त्र बचाउने, आर्थिक विकास र समृद्धिमै केन्द्रित हुनुपर्नेछ। भ्रष्टाचारको अन्त्य गरी सुशासनका माध्यमबाट मुलुकको विकास गर्ने, युवापुस्ताको चाहना पुरा गर्दै तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्नुपर्ने विषय सम्झना गराएका थिए। तर पार्टीहरू जेनजी पुस्तालाई असफल पार्दै आफै सही र लोकतान्त्रिक प्रमाणित गर्न र बिघटित संसद पुनर्स्थापना गर्नुपर्ने आवश्यकतामा चलखेल गर्न थालेका छन्।

# अनुशासन नै सुशासन



शेखर ढुंगेल, अमेरिका

१. सडक, ढल निकास, खानेपानी, बिजुली, संचार र यातायातको सुव्यवस्थाको जिम्मेवारी सरकारले लिनु पर्छ र सार्वभौम नागरिकको माग वा आवश्यकता अनुरूप समय साक्षेप आधुनिकीकरण हुनुपर्छ। कर प्रदायक मालिक नागरिकको अपेक्षा पुरा गर्नु सुशासनको पहिलो काम र कर्तब्य हो।

२. वन्यजन्तु, वनस्पति र जलवायुको संरक्षण र सदुपयोग सम्बन्धमा ठोस नीति निर्माण र यथाशिघ्र कार्यान्वयन हुनुपर्छ।

३. शहर र गाउासम्म स्वच्छ, स्वस्थ बातावरण निर्माणको अल्प र दिर्घकालिन योजना कार्यन्वयन गर्ने गराउने।

४. पारदर्शी एवम भ्रष्टाचारमुक्त राज्य संयन्त्र, दण्डहीनताको अन्त आजको अनिवार्यता हो।

५. बिचौलियाहरूको दान दन्तब्य मुक्त राजनैतिक दल हरू र नैतिकताको न्युनतम सिमांकन तोकी सो भन्दा माथिका उच्च मोराल भएका राजनैतिक नेतृत्वको निर्माण को कानुन निर्माण गर्ने

६. बृद्धबृद्धा, बालक, माग्ने अनि अपाङ्गता मुक्त सडक, मन्दिरको लागि मनबोचित सुरक्षा सहयोग र ब्यवस्थापनको निश्चितता गर्ने गराउने काम राज्यको हो।

७. तत्काल बाट अदालत ,जिल्ला प्रशासन र प्रहरी अनुसन्धानका सम्पूर्ण कार्यविधिको अडियो भिडियो रिकर्ड अनिवार्य व्यवस्था गर्ने जसले गर्दा न्याय सम्पादन वा अनुसन्धान निष्पक्ष र पारदर्शी हुन्छ र नागरिकलाई प्रहरी र अदालत प्रति विश्वास आस्था बढ्न जान्छ साथै अनियमिता भ्रष्टाचार न्यूनीकरण हुन्छ।

८. फोहर संकलन ढुवानी र ब्यवस्थापन को आधुनिकीकरण गरिनु अनिवार्य छ।

९. राजस्व चुहावटमा संलग्न करदाता वा सेवा प्रदायक दुवै पक्षलाई जघन्य अपराधभित्र परिभाषित गरि राज्य बिरूद्धको अपराध मानेर बर्खास्ती सँगै अनिवार्य जेल सजाय हुने कानुन निर्माण गर्ने र राजनैतिक हस्तक्षेप मुक्त गर्ने प्रभाव र दवाब दिनेलाइ सोहि अपराध बराबरको सजाय दिने नीति लागु हुनुपर्छ।

१०. भूमिमा राज्य र नागरिकको दोहोरो स्वामित्वको तत्काल अन्त गर्नुपर्छ सम्पूर्ण गुठी स्थानीय सरकार र समुदायको जिम्मामा छोडी दिनुपर्छ ।

११ तोकआदेश दर्ता टिप्पणी र आदेश अनि एक काममा ४-५ सरकारी कार्यालयको यस्तो गोलचक्कर प्रशासनिक जर्जरताको अन्त गरी फस्ट कम फस्ट एक भ्याल र अधिकारिक मार्फत् सेवाग्रहीलाई सहज सरल सेवामुखी नीति।

१२. UN को सहभागिता भएको बाहेकका INGO लाई निषेध गर्ने र एक्कै प्रकृति र उद्देश्यका ngo लाई मर्ज गर्ने गराउने, थप दर्ता निषेध गर्ने।

१३. राजनैतिक दबाबमुक्त योजना आयोग, निर्मम सुपरिबेक्षक सरकार, बिचौलिया मुक्त विकास निर्माण योजना।

१४. बालबालिकाको अधिकारका लागि विश्वमान्यताका नीति लागु गर्ने।

१५. पहाडी र हिमाली क्षेत्रमा शहरीकरण एवम शिक्षा र स्वास्थ्यको स्तरीय सेवा को पहुचको व्यवस्था।

१६. पर्यटन र कृषिमा बिदेशिएका युवा युवतीलाई रोजगारी दिने योजना लागु गर्ने।

१७. फोहोर संकलन प्रशोधन अनि दोहनको नीति निर्माण र कार्यान्वयन।

१८. धुलो धुवा र प्रदुषण मुक्त देश।

१९. गाउस्तर सम्ममा दैवी प्रकोप ब्यवस्थापन समिति र संरचना निर्माण

२०. राष्ट्रप्रति जिम्मेवार अनुशासित विवेकसिल नागरिक निर्माणको लागि Norms of Strong Civic Sense को मर्मलाई कार्यान्वयन गर्न गराउन Civic Sense Act.बनाएर लागु गर्ने। स्कूल देखिनै राष्ट्रप्रति जिम्मेवार Good Citizen बन्ने शिक्षा दिने।

२१. सेवाग्रहीको खुसि राज्यको खुशी Customer Service Orientation for Govt. Officer, Corporate Officer and Transportationa Owner and Workers.

२२. राष्ट्रिय एकरूपतालाई बलियो बनाउन सरकारी भवनहरूको एकरूपता, एक रङ्ग र अपांग मैत्री बनाउने, सेना र प्रहरीको भैं सरकारी र सस्थाका सवारी साधनको मोडेल र रङ्गमा एकरूपता र सम्बन्धित कार्यालयको नाम अनिवार्यता

२३. राष्ट्रिय सम्पदा र मौलिकताको रक्षा गर्दै शहरीकरणको विकास गर्ने।

२४. सवारी साधन पुगेका सबै जिल्लाबाट अनुमतिपत्र वितरण गर्ने र राहदानी वितरण वडासम्म पुर्याउने र मन्त्रालयले अब काम गर्न बन्द गर्ने।

२५. सरकारी कार्यालय हरूको कम्पुटरमा ब्यक्तिगत इमेल र फेसबुक प्रयोग लाइ दण्डनीय बनाउने। २६. सेवा प्रदायक र सेवाग्रही बिचको सोसियालिजमलाई निषेध गर्ने, सम्पूर्ण राष्ट्रसेवकहरूले सेवाग्रहीलाई ब्यक्तिगत इमेल फोन घरको ठेगाना प्रदान गर्नै दुरासय ठानी निषेध गर्ने र सेना प्रहरी न्याय सेवामा अन्य सरकारी कर्मचारी लाइ रगतको नाता बाहेक सेवाग्रहीको निम्तो बाह्य सम्बन्ध र सम्पर्क लाइ दण्डनीय बनाइ सम्पर्कको कारण स्थान र स्रोत सम्बन्धित कार्यालय नै हुनुपर्ने र फोन इमेल रिकर्ड राख्ने व्यवस्था हुनुपर्ने।

# हिन्दुहरूसँग अरबको के सम्बन्ध छ ?

प्रवीण अधिकारी

हिन्दूहरूसंग अरवको के सम्बद्ध छ ? यस सम्बन्धमा अनुसन्धाता भन्छन्- अरब मुलुकमा तथा केन्द्र काबा जो भगवान शिवका भक्त थिए एवं वेद तथा हिन्दू देवी-देवताहरूका अनन्य उपासक थिए !

'प्राचीन अरबी काव्य संग्रह गंथ 'सेअरूल-ओकुल' को २५७ औं पृष्ठमा हजरत मोहम्मद भन्दा २३०० वर्ष पहिले ईसा मसीह भन्दा १८०० वर्ष पूर्व जन्मिएका लबी-बिन-ए-अरव्तब-बिन-ए-तुरफाले आफ्नो प्रसिद्ध कवितामा हाम्रो भूमि र वेद प्रति सम्मान गरेको कविता -

"अया मुबारेकल अरज मुशैये नोंहा मिनार हिंदे। व अरादकल्लाह मज्जोनज्जे जिकरतुन ।१।

वह लवज्जलीयतुन ऐनाने सहवी अरवे अतुन जिकरा। वहाजेही योनज्जेलुर्ररसूल मिनल हिंदतुन ।२।

यकूलूनल्लाह: या अहलल अरज आलमीन फुल्लहुम। फत्तेबेऊ जिकरतुल वेद हुक्कुन मालन योनज्वेलतुन ।३।

वहोवा आलमुस्साम वल यजुरमिनल्लाहे तनजीलन। फऐ नोमा या अरवीयो मुत्तवअन योवसीरीयोनजातुन ।४।

जइसनैन हुमारिक अतर नासेहीन का-अ-खुबातुन। व असनात अलाऊढ़न व होवा मश-ए-रतुन ।५।"

अर्थात- (१) हे हिन्दूहरू बस्ने पुण्य भूमि (मिनार हिंदे) तिमी धन्य छौ, ईश्वरले आफ्नो ज्ञानको लागि तिमीलाई छानेको हो! (२) ईश्वरको ज्ञान प्रकाश, जुन चार प्रकाश स्तम्भ समान भई सम्पूर्ण जगतलाई प्रकाशित गर्दछ, यो हिन्दूहरू बस्ने (हिंद तुन) भूमिमा ऋषिहरू चार किसिमले प्रकट भए! (३) र परमात्मा ले यस संसारका मान्छेहरूलाई आज्ञा दिएर भने वेद, जो दिव्य ज्ञान हो, सोही अनुसार आचरण गर। (४) वेद ज्ञानको भण्डार साम र यजुर हो, जसलाई ईश्वरले प्रदान गरे! यसैले, हे मेरा भाइहरू वेद निर्दिष्ट कुराहरू तिमीहरू पनि स्वीकार यसले हामीलाइ मोक्षको मार्ग बताउदछ! (५) र बाँकी दुई रिक्, अतर (ऋग्वेद, अथर्ववेद) ले हामीलाई भ्रातृत्वको शिक्षा दिन्छन, यसबाहेक जो इनका शरण पर्न आउँछन ती अन्धकारमा छिर्दैनन्!

इस्लाम धर्मका प्रवर्तक मोहम्मद वैदिक परिवारमा हिन्दू स्वरूपमा जन्मिएका थिए! उनले आफ्नो सम्बन्ध हिन्दू परिवारको पारीवारिक परम्परा र वंश परम्परा संग तोड्ने विचारले आफुलाई पैगम्बर घोषित गर्ने निश्चय गरे, उनको यो निर्णयले उनको तत्कालिन संयुक्त हिन्दू परिवार छिन्न-भिन्न हुन् गयो र काबामा रहेको ठूलो शिवलिंग (संगे अस्वद) रक्षार्थ हुन् गएको युद्धमा पैगम्बर मोहम्मदका काका उमर-बिन-ए-हश्शामलाई अरब मुलुकमा तथा केन्द्र काबा (मक्का) मा यती धेरै सम्मान दिइन्थ्यो कि सम्पूर्ण अरवी समाज, जो भगवान शिवका भक्त थिए एवं वेद तथा हिन्दू देवी-देवताहरूका अनन्य उपासक थिए, उक्त शिव लिंगलाई अबुल हाकम अर्थात ज्ञान को पिता भनेर पुकार्थे! पछि मोहम्मदको नयाँ सम्प्रदायले शिवलाई ईर्ष्या बश अबुल जिहाल "अज्ञान को पिता" भन्न थाल्यो!

मोहम्मदले मक्कामा आक्रमण गर्दा, त्यहाँ बृहस्पति, मंगल, अश्विनी कुमार, गरूड, नृसिंह आदिका मूर्तिहरू थिए र एउटा मूर्ति तत्कालिन विश्वविजेता राजा बलिको पनि थियो! उनि दानी भएकोले तत्कालिन समाजमा प्रसिद्धि पाएका थिए त्यसकारण उनको एउटा हात सुनको राखिएको थियो! Holul को नामले चिन्हिने यो मूर्ति त्याँहा इब्राहम र इस्माइल मूर्त्तिहरूको छेउमै राखिएको थियो! मोहम्मदले ती सबै मूर्त्तिहरू फोड्फाड गरेर त्यहींको ईनारमा फ्यालिदिए! त्यसमध्ये पनि भाचिएको शिवलिंगको एउटा टुक्रा आज पनि काबामा छदै छ! त्यै शिवलिंगलाइ प्रत्येक मुश्लिम व्यक्तिले सम्मानपूर्वक हेर्दछ र हज गर्दा प्रत्येक मुसलमानले त्यो कालो शिवलिंगलाइ 'संगे अस्वद' भनी आदर सम्मानका साथ् म्वाइ खान्छ!



प्राचीन अरबीहरूले सिन्धलाइ सिन्ध नै भने पनि हिन्दूहरू बस्ने ठाउँलाई चाहि हिन्द भने! यहि कुरालाइ हाम्रा तताकथित बोक्रे बिद्वानहरूले सिन्धुबाट हिन्दू भएको भनि प्रष्ट्याए! सिन्धुबाट हिन्दू भएको भनेकुरो हास्यास्पदमात्र होइन अवैज्ञानिक पनि छ किनभने इस्लाम धर्मका प्रवर्तक मोहम्मद जन्मिनु भन्दा २३०० वर्ष अघि सम्म अर्थात लगभग १९०० ईश्वी वर्ष पहिला अरबमा हिंदू शब्द जस्ताको त्यस्तै आजकै अर्थमा प्रयोग हुन्थ्यो!

अरबी काव्य संग्रह ग्रंथ 'सेअरूल-ओकुल' को २५३ औं पातोमा हजरत मोहम्मदको काका उमर-बिन-ए-हश्शामको कविता छ जसमा उनले हिन्दू शब्दको प्रयोग आदर र सम्मानका साथ् गरेका छन! 'उमर-बिन-ए-हश्शाम' को कविता नयी दिल्ली स्थित श्री लक्ष्मीनारायण मन्दिर को वाटिकामा रहेको यज्ञशालाको रातो ढुङ्गामा यस प्रकार छ - "कफविनक जिकरा मिन उलुमिन तब असेक। कलुवन अमातातुल हवा व तजक्करू ।१। न तज खेरोहा उड़न एललवदए लिलवरा। वलुकएने जातल्लाहे औम असेरू ।२।

व अहालोलहा अजहू अरानीमन महादेव ओ। मनोजेल इलमुद्दीन मीनहुम व सयत्तरू ।३। व सहबी वे याम फीम कामिल हिन्दे यौमन। व यकूलून न लातहजन फइन्नक तवज्जरू ।४।

मअस्सयरे अख्लाकन हसनन कुल्लहूम। नजुमुन अजा अत सुम्मा गबुल हिन्दू ।५। अर्थात् - (१) त्यस्तो मान्छे, जसले सारा जीवन पाप कर्म र अधर्म गर्दै बिताएको छ, काम- क्रोध गर्दै आफ्नो यौवन बिताएको छ!

(२) यदि उ पश्चाताप गरी अरूको भलो गर्ने उद्देश्यले फर्किन चाहान्छ भने त्यस अवस्थामा उसको कल्याण सम्भव छ? (३) भन्दै द्विविधामा रहेको व्यक्तिले यदि अशल नियतले शिवजीको पूजा गर्दछ भने उसले धर्म-मार्ग अंगाल्दा उच्च भन्दा उच्च पद पाउन सक्तछ!

(४) हे प्रभु! मलाई सम्पूर्ण जीवन दिन नसके पनि एक दिन मात्र भएपनि हिन्दू मुलुकमा बस्न देउ त्याँहा पुग्न पाए मेरो मान्छेको चोला धन्य हुनेछ!

(५) त्यहाँ पुग्न पाए सबै शुभ कर्म प्राप्ति गर्न सक्ने आदर्श गुरूजनहरूको (गबुल हिन्दू) सत्संग गर्न पाउथे!'

# संवाद र सहकार्य नभए अराजकता बढ्छ




सुशिला कार्कीको सरकारले फाल्गुण २१ गते निर्वाचन गर्ने भनिएको छ। निर्वाचन भएमा थप अन्योल अस्थिरता, द्वन्द र जोखिम बढ्ने निश्चित छ। संवैधानिक राजा सहितको चुनाव २३ वर्ष देखि नभएकोले देश संकटमा डुबेको हाम्रो ठहर छ। राजा र दलहरूका बिच भएको ५ बुँदे सहमतीमा राजा ज्ञानेन्द्रले इमान्दारितापूर्वक दुई वटा बुँदा लागु गरिबक्सिएको छ। तर दलहरूले ३ वटा बुँदामा इमान्दारीता नदेखाएकोले देशमा वाह्य शक्तिको चलखेल बढ्दै गएको छ। देशको आन्तरिक मामिलामा आन्तरिक शक्तिहरू सबै मिलौं, संवाद, सहमति र सहकार्य गरौं, निकास निकालौं भन्ने बारेमा सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ। राष्ट्रिय समाज सुधार संस्थाको कार्यक्रममा शरीर भनेको राष्ट्रियता हो, प्रजातन्त्र भनेको कपडा हो, साध्य राष्ट्र हो, साधन भनेको प्रजातन्त्र हो त्यसैले शरीर बिना कपडाको कुनै अर्थ छैन भन्ने विषयमा चितवनमा बहस भएको थियो।

गाउँघर, वडा, मालपोत, नगरपालिका, सिडिओ कार्यालय, अदालत, वित्तीय संस्था, सहकारीबाट अब नेपाली जनता बाँच्न नसक्ने भएको र गणतन्त्र लादिएपछि छटपटिएर, कहाँ जाऔं के गरौं भनेर औडाहा भएर बाँच्न बाध्य भएकाले राजनीतिक निकास निकाल्नै पर्छ भनेर चितवनको खुखुरे यात्र प्रतिष्ठालयबाट आवाज उठाइएको हो। छबीलाल खरेलको सभापतित्वमा गोविन्द सेढाई, गणपति कँडेल, गोपाल उप्रेती, विष्णु गुणी, शंकर मधैया आदिले बोलेका थिए। सबै वक्ताको माग राजतन्त्रसहितको प्रजातन्त्र शान्ति, स्थिरता र सुशासनको प्रत्याभूतिका लागि अपरिहार्य उपाय हो भन्ने रहेको थियो।



# भाग्यो कि भगाइयो ? थामसेर्कु ट्रेकिङ

दरबारमार्गस्थित पूर्वराजा वीरेन्द्र, रानी ऐश्वर्य र परिवारका नाममा रहेको सम्पत्ति नेपाल ट्रष्टका पदाधिकारी र नेताहरूले कौडीका मूल्यमा भाडामा दिएर भ्रष्टाचार गरेको थियो। अनियमित रूपमा दर रेट र समयमा घोटाला गरेको आरोप र अनुसन्धानले पुष्टि भएपछि भाडामा दिने थामसेर्कु ट्रेकिङ अदालतका सहारा लिएर भागेको छ। प्रहरी अनुसन्धान जारी छ, अदालतमा मुद्दा विचाराधीन छ, महालेखाले समेत भ्रष्टाचार देखेकोले सीआईबीले नेपाल ट्रष्टका तात्कालिक सचिव अर्जुन कार्कीसहित दुई जनालाई पक्राउ गरेको थियो। सुरूमा थामसेर्कुले असन्तुष्टि जनाएको थियो, पछि यो मुद्दा कचल्टिएपछि अब फसिने भइयो भनेर थामसेर्कुका सञ्चालक भागेका हुन्।

ट्रष्टले योमात्र होइन, गोकर्ण सफारीसम्म जे जति भाडामा लगाएको सबैतिर अनुसन्धान हुनुपर्ने आवाज उठेको छ।

## आमा, गाम्चा र देश

फूलको कसिङ्गर बढारेर
खिइसकेको कुचो
सपनाको तोरणमा
झुण्डाएर म कसरी
हाँस्न सक्छु यति बेला
सपना देखेर
उत्साहित यी आँखाहरू
परेलीले छोपेर
फेरि म कसरि
निदाउन सक्छु ?
बिहानीको लालिमाले
पहिलो पाइला राख्ने
नीलो आकासमा
उडिरहेका चराहरूलाई
म कसरि सिमाङ्कृत
गर्न सकौं ?
बल्ल अलिकति
खुशी भरिएका यी ओठहरूमा
आमाको गाम्चा
कित्ता-कित्तामा च्यातेर
कसरी टालोमा
परिणत गर्न सकौं ?
न त्यसले हाम्रो
शिर छोप्छ
न पाउ नै ।


**जेबी खत्री**

## जेन-जीले दिएको इतिहास

म पनि त्यसरी नै ढलें
जसरी तिम्रो छाती र किताबहरू
एकसाथ गोलीले छेडिएर ढल्यो ।
जुन छातीभित्र ऋणमा थलिएर
डुब्दै गरेको एउटा देशको हिसाब थियो
देशै बेचेर घिउ खानेहरूको लागि
एउटा कठोर कठघरा र निसाफ थियो ।
तिमी ढलेपछि था'भो
तिमी भन्नु नै- देश रहेछौ
देशले न तिम्रो बाटो भुल्न सक्छ
न तिम्रो रगतको टाटो भुल्नसक्छ ।
समर्पणको इतिहास हो यो
तिमी ढले पनि
देशलाई उचाई दिएर ढल्यौ
तिमी जले पनि
देशलाई ज्योति दिएर जल्यौ ।


**दिलीप श्रेष्ठ**

## देशको एउटा कविता

देशको एउटा कविता
लेख्न खोज्छु,
तर, कलम नै लाटो भइदिन्छ,
देश खोज्दै जाँदा
परदेशमा पुग्छु,
अचेल देश भित्र देश छैन
परदेशतिर खोज्नु पर्छ देश,
परदेशले देश कतिबेर
लुकाउन सक्छ र ?
बिस्तारै परदेश भन्दा पनि पर
दुरदेशमा पो भेटिने हो कि देश ?


**राम आचार्य पुष्पप्रेमी**

## आगोका फिलिङ्गाहरूमा डुबुल्की मार्दा


*अरूणबहादुर खत्री*

नेपाली साहित्यमा मुक्तक लेखन परम्परा पुरानै भए पनि कलम चलाउनेहरूको संख्या चाहिँ ज्यादै कम देखिन्छ । मुक्तकका सङ्ग्रह प्रकाशित गर्ने साहित्यकारहरू औंलामा गन्नुपर्ने अवस्था छ र यसैभित्र कवि डा. श्यामप्रसाद न्यौपाने पनि पर्दछन् । कवि डा. न्यौपानेको आगोका फिलिङ्गाहरू नामक मुक्तक सङ्ग्रह २०७५ सालमा प्रकाशित भएको छ । यसभित्र २८८ वटा मुक्तकहरू राखिएका छन् । कवितालाई निचोरेपछि मात्र मुक्तकको जन्म हुन्छ । आफूले भन्न खोजेको कुरालाई चार हरफमै लेख्नु पर्ने हुंदा साहित्यका अन्य विधाभन्दा यो विधा चुनौतिपूर्ण त हुन्छ नै । त्यसो त एउटा सानो मुक्तकभित्र सिङ्गो ब्रहमाण्ड नै अटाउन सक्छ । जीवन र जगत्संग सम्बन्ध गाँसिएका मुक्तक रचनाहरू सङ्ग्रहित यस कृतिले मुक्तक लेखनका क्षेत्रमा थप योगदान गरेको त छ नै । कविताको सबैभन्दा लघुतम रूपलाई मुक्तक काव्यको रूपमा चिन्ने गरिन्छ । हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै मुक्तक काव्यमा पनि व्यक्ति, समाज, वातावरण र मानव समाजसँग सम्बन्धित अनेक पक्षलाई नै समेटेर सिर्जना गरिएका हुन्छन् । मुक्तककार श्यामप्रसादले सिर्जनामा बिम्बको राम्रोसँग प्रयोग गरेका छन् । विषयवस्तु प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । जसका कारण मुक्तक पठनीय हुनमा थपेको छ तर कतिपय मुक्तकहरू सायरी शैलीमा सिर्जिएकाले केही लामा र कण्ठमा पार्न कठिन हुनेखालका पनि देखिन्छन् ।

अतीत कहिल्यै बिर्सनुहुन्न महाशय
वर्तमानदेखि कहिल्यै तर्कनुहुन्न महाशय
विगत र वर्तमानले नै भविष्य निर्माण हुन्छ
सदैव आकाशमा फूल सिर्जनुहुन्न महाशय ।

नेपाली मुक्तकको प्रमुख प्रवृत्ति प्रणय अनुभूति पनि हो । मुक्तककार डा.श्यामप्रसाद प्रणय अभिव्यक्तिका कुशल शिल्पीका रूपमा दरिएका छन् । उनले सङ्ग्रहमा अरूले दिएको अमृतभन्दा प्रेमिकाले दिएको विषलाई मिठो मान्ने अतिशय भावुकता प्रकट गरेका छन् । धेरैले बोल्न नसकेका र नपाएका कुरा डा. श्यामप्रसादका मुक्तकले बोलेका छन् । सज्जन मानिसलाई अनेक बहानामा किनारा लगाइएको छ, लाभ लिनेले जसरी पनि लाभ लिएकै छन् । अनगिन्ती यादमात्रै पठाएर के गर्नु भा हजुरले जसले जे भन्यो त्यही पत्याएर के गर्नु भा हजुरले उनले मुक्तकमा लेखेका छन् ।




अर्काको अस्तित्व स्वीकार्ने परम्परा बस्दैन भने
दोषीलाई कठघरामा उतार्ने परम्परा बस्दैन भने
समाज भाँडिन्छ महोदय, सभ्यता बिनासिन्छ
ऐन कानुनलाई दह्रो पार्ने परम्परा बस्दैन भने ।

भ्रमको खेती गर्नु भएन कटुवालहरूले मीठो बिस्कुन चर्नु भएन कटुवालहरूले उनले मुक्तकमा लेखेका छन् । गजलकार, कवि एवम् मुक्तककार श्यामप्रसादको आगोका फिलिङ्गाहरू समसामयीकतामा सङ्कलित वार्तमानिक राजनीति परिवेशमा आधारित मुक्तकसङ्ग्रह हो । यस कृतिमा विभिन्न विषय, विभिन्न स्वाद र विषम राजनीतिक अवस्थाका अत्यन्त सान्दर्भिक र बेजोड मुक्तकहरू राखिएका छन् । सबै मुक्तकहरू मुक्तकीय सिद्धान्तमा समलङ्कृत छन् । मुक्तकहरू स्वयम् परिपक्व एवम् सिद्धान्तनिष्ठ सर्जक भएकाले मुक्तकका सम्बन्धमा संस्कृतका विद्वानहरूको मतद्वारा निर्देशित छन् । अर्काको इशारामा फनक्कै नाच्ने हामीहरू नै गफैगफमा संसार हाक्ने हामीहरू नै उनको मुक्तकमा लेखिएको छ । कति मान्छे आफ्ना कुरा मुस्कानमा भर्ने गर्छन् कति मान्छे आफ्ना कुरा खहरे झैँ पोख्ने गर्छन् । समग्रमा भन्दा कवि डा. श्यामप्रसाद मुक्तक लेखनमा सफल व्यक्तिका रूपमा गनिन्छन् । नीतिका कुरा दिन, सुन्दर समाज निर्माण गर्न, समाजलाई राम्रो बाटो देखाएर भावी पुस्तालाई मार्गदर्शन गर्न उनी खप्पिस छन् । मान्छेको प्रवृत्ति र सामाजिक बिसङ्गति हैकमवाद स्वर र अहंवादी प्रवृत्तिले निकै थिचेको देखिन्छ उनका मुक्तकमा । झट्ट सुन्दा समान्य हाँसोजस्तो लागे पनि यसभित्र प्रत्येक इमानदार व्यक्तिको यथार्थ अवस्थाको चित्र लुकेको छ । यसरी नै असलहरू सधैं किनारा लाग्ने खेल सदियौंदेखि समाजमा चलिआएको छ र त यदाकदा उनका मुक्तकमा विद्रोहको आक्रोश पनि उठेको छ ।

पीडितको आँसुमा रमाउनेहरूलाई सलाम
भ्रष्टाचारले सिनोझैं गन्ह्याउनेहरूलाई सलाम
सदाचार त एकादेशको कथा पो भो यहाँ
देश चुसेर शीशमहल बनाउनेहरूलाई सलाम ।

उनका मुक्तक सुन्दर छन् र विविधताले भरिएका छन् । आगोका फिलिङ्गाहरू नामक यस मुक्तक सङ्ग्रहभित्रका भावभङ्गी र अस्तित्व सबै लालित्यले भरिपूर्ण पारेका छन् डा.श्यामप्रसादले । आफ्नो सुकोमल मुक्तकमा मुक्तककार डा. श्यामप्रसादको मीठो र गहकिलो मुक्तक यात्रा आगामी दिनमा सबल र सफल बन्नेनै छ । सानो आकारको पुस्तकमा धेरै कुरा अटाइएको उनको यो मुक्तकसङ्ग्रह समसामयिक नेपालको शब्दचित्र नै बन्न पुगेको छ । सबै क्षेत्रमा सुधार र समृद्धिको चाहना राखिएको यो कृति देशको मौलिक स्वरूप हो । उनका मुक्तकभित्र उठाइएका प्रश्नहरू सबै देशप्रेमी नागरिकका प्रश्न हुन् । सारमा भन्दा जीवनका यथार्थहरू जे जस्ता छन् तिनलाई त्यस्तैमा प्रकट गर्दाको मौलिक स्वरूप उनका मुक्तकहरूको मुख्य विशेषता हो । भावी साहित्यिक लेखनमा कवि डा. श्यामप्रसादलाई सफलताको कामना गर्दछु । आगामी दिनमा उनका अन्य कृतिहरू हामीले पढ्न पाउने ठूलो आशामा बाधिएको छु ।

कृति: आगोका फिलिङ्गाहरू
विधा: मुक्तकसङ्ग्रह
मुक्तककार: डा. श्यामप्रसाद न्यौपाने
प्रकाशक: लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपाल

## मुक्तक : सधैं उस्तै हुन्न कैले, ठेस लाग्न सक्छ ।



आशारूपी दियो राम्रो, बले पो त जिन्दगानी
दुनियाँमा नाम राम्रो, चले पो त जिन्दगानी,
निराशाका फलहरू सँगालेर सोच्ने गर्छु,
सोचेजस्तो फल नौलो, फले पो त जिन्दगानी

**- अर्जुन अधिकारी**

तिम्रो ढुकढुकीको सास बन्न पाउँ।
त्यो मनको अटूट विश्वास बन्न पाउँ
अनेक होलान साथी तिम्रो संसारमा,
त्यस मध्ये एउटा म खास बन्न पाउँ ।



देखेपछि तिमीलाई लाजले लुक्छु
जान लाग्दा एकतिर अर्कोतिर पुग्छु
तिम्रो मायाको नशाले हो कि के हो,
जता देख्छु तिम्रो छाया उतै झुक्छु ।

**- नीता गुरूङ भाटिया, असम**



अनुत्तरीत प्रश्नहरू यत्रतत्र पोखिदै गर्दा
सडकमा मतका झोलाहरू जोखिदै गर्दा
आक्रोस मडारीयो संस्कार बडारीएकोछ
मान्छे मान्छेहरूको भिडमा चोखिदै गर्दा ।

**- गंगा दहाल**



सपना त्यो हो जसले शान्तिले जिउन दिँदैन
आरामको एक घुड्की पानी पनि पिउन दिँदैन
काबिल बनाउँछ अनि मात्र छाड्छ तिमीलाई
साकार नभएसम्म अन्त कतै मन सिउन दिँदैन ।

**- जयन्त आचार्य**



वीरहरूको देश आज भष्ट भयो भन्नु पर्यो
बढ्यो भाउ दिन दिनै चर्को मूल्य गन्नु पर्यो
गरिवको न टेक्ने डाली छ न समाउने हाँगो
हिँडनु छैन भन्ने बाटो मन नलागी खन्नु पर्यो ।

**- चन्द्रकला आचार्य**



कैलेकाहीं गल्ती पनि,बेश लाग्न सक्छ
तब यस्तै कुबुद्धिमा, केश लाग्न सक्छ
रात-दिनै हिडिराख्या, बाटो भनि हुन्न-
सधैं उस्तै हुन्न कैले, ठेस लाग्न सक्छ

**- मुकुन्द पौडेल**



काँडाभित्र फूलै फूल देख्ने बानी परेको छ
बिश्वास नगर्नुस् मलाई मन अन्तै सरेको छ
जताततै राम्रोले हैन हाम्रोले जरो गाडनेहरूले
बिश्वास गर भन्नेले अबिश्वासको भ्रम छरेको छ

**- उषा केसी**



मुखले भने गाइरहन्छौ, आदर्शका गाथाहरू
कामले भने सक्ने हैनौ, मार्न पनि माखाहरू!
नभनेको मात्रै पो त, नचिनेको कहाँ हो त ?
नजिकमा पो थाहा हुन्छ, बेइमानीका कथाहरू

**- गोमविक्रम**



पीडाको फुक्को सातु निलेर जिउनु परेको छ
प्यास बुझाउन आँसुको सर्वत पिउनु परेको छ
राज्यव्यवस्था काबिल हुन नसक्दाको नतिजा
जडौरी पनि तीन-तीन ठाउँमा सिउनु परेको छ ।

**- विष्णुप्रसाद आचार्य**




सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# पार्टीतन्त्र कि पसलतन्त्र ?

प्रजातन्त्र अपरिहार्य छ । प्रजातन्त्रमा दल जरूरी छ । प्रजातन्त्र चलायमान बनाउने दलहरूले नै हो । दलहरूले जनचेतना भर्छन्, संसदमा बहस गर्छन्, सरकारको नीति निर्माण गर्छन् र जनमत, जनबलअनुसार राज्य सञ्चालन हुनेगर्छ । यसकारण प्रजातन्त्रमा पार्टी जरूरी छ । प्रजातन्त्रको कसी दल हो, जनमतअनुसार चल्ने दलीयतन्त्र हो ।

दल कुशासनको दलदल हुनुहुन्न । दल जनअपेक्षामाथिको प्रहार हुनुहुन्न । दल जनमतप्रति जवाफदेही हुनुपर्छ । दल देशप्रति इमानदार बन्नुपर्छ । प्रजातन्त्रको कसी नीति, सिद्धान्त, नैतिकता हुनैपर्छ । तर यो लक्ष्मणरेखामा न ०४६ सालपछिको बहुदलीय तन्त्र बस्यो, न २०६३ पछिको लोकतान्त्रिक गणतन्त्र । दुबै तन्त्र बदनाम हुनपुग्यो, कालरात्रि हुनगयो ।

पार्टीतन्त्र भनेको पार्टीकरण होइन, प्रजातन्त्रका आफ्नै मत छन्, मान्यता छन्, सीमा छन् । बहुदल र लोकतान्त्रिक गणतन्त्रका दुबै अवस्थामा राज्यसञ्जाललाई पार्टीकरण गरियो । सामान्य प्रजातान्त्रिक सिद्धान्तको समेत हुर्मत लिइयो । प्रजातन्त्रलाई व्यभिचारकरण गरियो, पार्टीकरण गरियो, लेनदेन र आलोपालोको पद्धति बनाइयो । कार्यपालिकाले व्यवस्थापिका र न्यायपालिकामात्र होइन, संविधानका समूल अङ्ग प्रत्यङ्गमा पार्टीकरण गरिदिंदा अपराधकरण हुनपुग्यो । यसको नतिजा हो कुशासन । यसैको नतिजा हो, जनअसन्तुष्टी । यसैको नतिजा हो जेनजी आन्दोलन, आन्दोलनपछिको बिस्फोटन, बिद्रोह र हिंसात्मक आगजनी । राजनीतिमा अपराधिकरण मिसिएपछि राज्य निरंकूश बन्नेरहेछ । राज्य नरसंहारमा उत्रिने रहेछ । राज्य अन्धो बन्नेरहेछ । लोकतान्त्रिक गणतन्त्र भन्नेहरूले नै नरसंहारजस्ता कूकृत्य गर्नेरहेछन् । जुन हामीले भोगिरहेका छौं । सुशासन र लोकतन्त्रका नाममा राष्ट्र पार्टीतन्त्रको आहाल बन्नपुग्यो, परिणाम शान्ति, समृद्धि, समानताको माग गर्ने जनता पीडा भोगिरहेका छन् ।

फागुन २१ गते आवधिक चुनाव घोषणा भएको छ । चुनावमा सहभागी हुने नहुने, लड्ने नलड्ने, नयाँ पुस्तान्तरण गर्ने नगर्ने अनेक प्रश्नव पीडामा देखिन्छ राजनीतिक माहोल । हो, चुनाव राष्ट्रिय महोत्सव बन्नुपर्छ । जति बढी जनसहभागिता र पार्टी सहभागीता भयो, उति प्रजातन्त्र जिवन्त हुन्छ, जनजीवन बन्दैजान्छ । तर पछिल्लो समय पार्टीतन्त्र यसरी बढेको छ कि प्रत्यक्ष चुनाव, समानुपातिक र राष्ट्रियसभामा भागबण्डा गर्न र सरकारमा भाग पाउनकै लागि पनि पार्टी खोल्ने प्रतिस्पर्धा नै चलेको छ । झण्डै डेढसय दल दर्ता छन्, दल दर्ता भइरहेका छन् । पार्टी खोल्न भएका पार्टी फुट्ने, जुट्ने, नयाँ पार्टी खोल्ने कार्य भइरहेका छन् । मानौं पार्टी खोल्नु भनेको पसल खोल्नु हो । बिगतका घटनाले प्रमाणित गरेका छन् कि पार्टी खोल्नु भनेको राजनीतिलाई व्यापारीकरण गर्नु हो । अचम्म त के छ भने सफल व्यापारीदेखि सफल व्यवसायीसम्मले नयाँ नयाँ पार्टी खोलेका छन् । अभियन्ता, विशेषज्ञले पनि पार्टी खोलेका अथवा खोल्न लगाएका घटना छन् । पार्टी खोल्नु नयाँ फेसन बनेको देखिन्छ । राजनीति मोलमोलाई गर्ने व्यापार बन्यो, लक्ष्यबिहीन भएको प्रमाण हो यो । राजनीतिका माध्यमबाट समाज बदल्ने, देश बलियो बनाउने उद्देश्य पार्टी खोल्नेमा देखिन्न । यो डरलाग्दो भ्रष्टाचार हो । त्यसै पनि कुशासन, त्यसमाथि यस्तोखाले भ्रष्टाचार, यस्तो चरित्रले देश उँभो लाग्दैन ।

पार्टीतन्त्र पसलतन्त्र बन्नु हुँदैन । अझै जनतामा बितृणा नबढाऔं ।

# दलाई लामाको बधाई पछि चीनको संशय




जेनजी आन्दोलनमा टीओवी टीसर्ट लगाएका केही युवाको आपत्तिजनक कृयाकलाप देखिएको थियो । भदौ २७ गते सुशीला कार्की सरकार बन्नासाथ भारतमा निर्वासित जीवन बिताइरहेका तिबेतियन धर्मगुरू दलाई लामाको तर्फबाट शुभकामना सन्देश आयो । नेपालको इतिहासमा यो घटना आश्चर्यजनक मानियो । राजनीतिक र कूटनीतिक बृत्त तरङ्गित हुनपुग्यो । चिनियाँ दूतावास हर्कतमा आयो ।

जेनजी आन्दोलन, बिद्रोह, बिस्फोट, आगजनीका घटनामा **(TOB T-shirt 'Tibetan Original Blood')** ज्याकेट लगाएका युवाहरू देखिनु, जेनजी आन्दोलनले सत्ता ढालेपछि दलाई लामाको सन्देश आउनु भूकम्पभन्दा कम थिएन । यो घटनापछि नेपालका उत्तरी सीमा क्षेत्रमा चीनले सुरक्षा प्रवन्ध बढाएका खबर आएका छन् ।

दलाई लामाको बधाई सन्देशले जेनजी आन्दोलन र बिद्रोह जुन रूपमा बिस्फोटक देखियो, त्योभन्दा ठूलो भूकम्प नेपालको परराष्ट्रनीति र भूराजनीतिमा गएको छ । जेनजी बिस्फोटनपछि सुशीला कार्की सरकार बन्यो, चुनावको सरगर्मी र संसद पुनर्स्थापनाको राजनीतिक तरङ्ग उर्लिरहेकै छ, तर सुशीला कार्कीको सरकार बन्नासाथ भारतमा निर्वासित तिब्बतका धर्मगुरू दलाई लामाको पहिलो शुभकामना सन्देशले नेपाल-भारत, नेपाल चीन सम्बन्धमा कूटनीतिक जोल्ट नै गएको छ । राजनीतिक परिवर्तनको दृश्य त देखियो, कूटनीतिक जोल्टको बिजुली चम्काइ भित्रभित्रै चट्याङ्को भयावहता अनुभूत हुनथालेको छ ।

नेपालले लियो रोजको स्ट्राटेजी फर सर्भाइभलको सिद्धान्तको कूटनीतिक अर्थ बिर्सदै गएको छ । उनले भनेका थिए- गुलाफ सुगन्धित हुनुपर्छ । राजनीतिले यो सिद्धान्त पनि भुलेको छ । नेपालसँग न राजनीति बाँकी छ, न कूटनीति । नेपाल रित्तिदै जंगलराजतिर उन्मुख छ । यसैले राष्ट्रवाद तरल छ, तरल राष्ट्रवाद पानी पोखिएजसरी पोखिएको छ । जुन उठाउन र जगर्ना गर्न मुस्किल छ ।

राजनीतिमा सालको जस्तो इच्छाशक्ति भएको नेता कोही छैनन् । कूटनीतिमा विश्वले सुन्नुपर्ने, बुझ्नुपर्ने व्यक्तित्व पनि देखिदैनन् । जो थिए, खोक्रिदै गएका छन्, बोक्रिदै गएका छन् । यसकारण त पञ्चायत खराव भनेर ल्याएको बहुदल कालारात्रि बन्यो । बहुदलभन्दा लोकतान्त्रिक गणतन्त्र भनेर गरेको परिवर्तन लूटतन्त्र, अपराधतन्त्र, नैतिकहीनतन्त्रका रूपमा बदनाम भयो ।

यही बदनामीको बिरूद्ध जेनजी पुस्ता सडकमा उर्लिएका थिए । स्थापित राजनीतिक, कूटनीतिक कूशासन, कूनीतिविरूद्ध सुशासनको झ्याली पिटेर जेनजीको उभार आएको थियो । जेनजी पुस्ताले देशका सर्वाङ्गमा न्यायको माग गरेका थिए । लोकतान्त्रिक गणतन्त्रका सबै अङ्ग प्रत्यङ्गहरू गल्न, ढल्न २७ घण्टा पनि लागेन । दुई तिहाईको सरकार हेलिकोप्टरमा भाग्यो, सांसदहरू दुलाभित्र पसे, प्रजातन्त्रको बिडा उठाएको कांग्रेसका सभापति दम्पत्ति कुटिए, एकजना पनि क्रान्तिकारी, समाजवादी, सर्वहारावादी नेताको अत्तोपत्तो भएन । ८ लाख, ११ लाख सकृय कार्यकर्ता भएका पार्टी देशैभरिका सहर बजारमा थिएनन्, एकजना पनि जेनजी पुस्ताको बिद्रोहका सामु उभिन सकेनन् ।

त्यसरी मरेको थियो लोकतान्त्रिक गणतन्त्र ।

जेनजी पुस्ताको गत भदौ २३-२४ मा भएको बिस्फोटन देशव्यापी निराशाको द्योतक थियो । पार्टीहरूको मनलागीतन्त्र, नेपोटिजम, नेपोबेबीइजमविरूद्धको आक्रोश थियो । जेनजी पुस्ता चक्रवर्ती रूपमा बिजयी भयो ।

तर, जेनजीले सत्ता हाँक्ने हैसियत देखाएनन् । जे भन्यो त्यही हुने स्थितिको लाभ उठाउन सकेनन् र आफ्नो काँधमा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई बोकेर सत्तामा पुर्‍याए । ३ महिना नाघिसक्यो, यो जेनजीको सरकार हो भन्न सकिन्न, जेनजी पुस्ताहरूमाथि यही सरकारले पक्राउ गर्दै जेल कोच्दै यातना दिइरहेको छ । यसपछि प्रश्न उठेको हो- ७६ जनाले किन ज्यान गुमाए ? हजारौं युवाले किन रगत बगाए ? आमाको काख रित्तियो, देशले के पायो ? परिवर्तन के भयो ?

संविधान उही छ, संसद ब्यूँताउने मुद्दा परेको छ । संघीयता ढलेको छैन, प्रदेशसभा ज्यूँदै छ । मरेको भनेको सबै ब्यूँतने कममा छन् । नेताहरू बौरिन थालेका छन् । आन्दोलन सफल भयो, जेनजी पुस्ताले जिते ।

समयक्रमले सावित गर्दैछ, जो जड बनेका थिए, चलायमान हुनथालेका छन् । जो अचेत थिए, चेतमा आउन थालेका छन् । चट्याङ पर्‍यो, गयो । आन्दोलन हार्‍यो, जेनजी पुस्ता हारे ।

यस्तो आन्दोलन, बिद्रोह के बिद्रोह ? जसले कुनै कुरा परिवर्तन नै गर्न सक्दैन । व्यक्ति र राज्यका सम्पत्ति, सम्पदा खरानी पारियो, लुटतन्त्रलाई लोकतन्त्र भन्नेहरूले त्यही खरानी पनि बेचेर राजनीतिक नाफा कमाउन थालेका छन् ।

हो, सेनाले सहजकर्ताको भूमिका खेलेकै हो । १९४० तिर हैदरावादमा शान्ति कायम गर्न सफल नेपाली सेना, २०३२ तिर खम्पा बिद्रोह समन गर्न सफल नेपाल सेनाले किन नेतालाई मात्र बचायो ? भन्ने प्रश्न उठाउनेहरूले उठाएका छन् । जसलाई सेनाले बचायो, ती नेताहरूले समेत सेनामाथि प्रश्न उठाएका छन् । सेनाले आन्तरिक बिद्रोह दबाउन हर्कतमा आएको भए कति धनजनको क्षति हुनेथियो भन्नेतिर राजनीतिक ध्यान गएको छैन । प्रष्ट कुरो के हो भने राजनीतिक द्वन्द्व हुन्जेल सेनाले हस्तक्षेप गरेन, जब आतङ्क फैलिन थाल्यो, त्यसपछि सेनाले स्थिति नियन्त्रणमा लिएको प्रष्ट छ । लोकतान्त्रिक गणतन्त्रलाई स्वार्थको साधन बनाउनेहरू अकर्मण्य थिए, सेना त्यस्तो चरित्रको थिएन, हुनसक्दैनथ्यो । यसकारण त सेनाले जेनजी पुस्तालाई सहजता र सहजकर्ता बनेर राजनीतिक धुमिलता हटाउन मद्दत गर्‍यो ।

देश खतरामा थिएन, राजनीतिकर्मीले सम्हाल्नुपर्ने थियो । जब खतरा देख्यो, सेना सकृय भयो । नेपालको अस्तित्वको एउटा भरपर्दो आधार भनेको नेपाली सेना हो । सेनामाथि दोष थुपार्नेहरू प्रतिषोधकारी हुन् ।

जेनजी आन्दोलन आकष्मिक थियो, नयाँ थियो । नेपालमा जेनजीले पनि आन्दोलन गर्न सक्छन् भन्ने कसैले सोचेके थिएनन् । यहाँसम्म कि राज्यको सूचनामा समेत थिएन । अचम्म त के थियो भने आमदेश नेतृत्वमा जवाफदेहीता भएन, राजनीतिक अपराधीकरण बढ्यो भनिरहेका थिए, जेनजीले एक्कैपल्ट सुशासन र भ्रष्टाचारीमाथिको कारवाही मागेका थिए । यही मागका कारण नैतिकहीनहरूको हार भएको थियो । जेनजीलाई हराउने षडयन्त्र भयो र हिंसालाई आगो बनाइयो । जेनजी एकापसको सम्पर्कमा थिए, संगठित थिएनन् । यसैको लाभ लिएर स्थापित लुटतन्त्रबादीले जेनजीलाई राजनीतिक षडयन्त्रमा फसाइदिए । न जेनजी नेतृत्वमा पुगे, न नेतृत्व स्थापित थियो । यहींनेर भूराजनीतिको भवरमा देश फस्यो । विश्वशक्तिको छुनुकमुनुक बढ्यो । नेपाल कूटनीतिक भूमरीमा समेत फस्न पुग्यो ।

यो दर्दनाक भीरबाट कसरी सकुसल राष्ट्र निस्केला ? यही सकस बढ्दो छ । यो सकसमा चाहिने राजनीतिक सुझबुझ, संवाद, सहमति र सहकार्य हो । तर लुटतन्त्रवादीहरू अझै परिवर्तनकारी जेनजी र राजनीतिक शक्तिहरूवीच सहकार्य गर्न तैयार देखिदैनन् । स्थितिलाई बिषम बनाउँदै छन् ।

नेपाल जटिल स्थितिमा छ । जेनजी आन्दोलन अर्गानिक आन्दोलन थियो । यसमा केही विदेशीतत्वले हिंसालाई घुलन गराएका हुनसक्छन् । तथापि समस्याको जरो र किलो नेपालमै छ, समाधान र निकासको मार्ग पनि नेपालमै देखिन्छ । समाधान गर्ने नेपालीले नै हो ।

चाहिएको छ, प्रत्येक नेपालीमा विवेक ।

नेपाली विवेकले १९७५ को भुटान बिघटनलाई मन्थन गर्नुपर्छ । १९५९ मा दलाई लामाको भारत प्रवाशलाई विश्लेषण गर्नुपर्छ । किनकि भुटानी भन्दैछन्, नेपाली वीर छन्, विवेकपूर्ण देश बचाउनु पर्छ । जेनजी आन्दोलनपछि सुशीला सरकार बन्यो र पहिलो शुभकामना भारतको धर्मशालामा रहेका दलाई लामाले पठाए । जुन भूराजनीति धमिल्याउने अर्को रहस्यपूर्ण घटना हो ।

चीन र दलाई लामावीच दलाई लामाको पुनर्जन्मको प्रश्न छ । दलाई लामाको बधाई तिब्बत मुद्दा ब्यूँताउने र नेपालबाट बिद्रोह उठाउने प्रश्नसँग पनि जोडिएको छ । नेपाल एक चीन नीतिमा छ र दलाई लामाको शुभकामनाले नेपाल चीन, भारत चीनवीच बिबाद बढाएको छ । चीन दलाई लामाको प्रभाव घटाउन लामो समयदेखि प्रयास गरिरहेको छ । पश्चिमा दलाई लामाको मुद्दा उठाएर चीनलाई कमजोर पार्न र भारत तथा चीनवीच विवाद बढाउने खोजिरहेको छ । स्मरणीय छ, खम्पा बिद्रोह (१९५९-१९७४), टिबेटन पोलिसी एक्ट (२००२), टिबेट पोलिसी एन्ड सपोर्ट एक्ट (२०२०) र रिजल्भ टिबेट एक्ट (२०२४) अमेरिकाको तिब्बत नीति र भारत-चीन हिमाली व्यवस्थाबीचको रणनीतिक मध्यस्थ भएर उभिनु नेपालका लागि कूटनीतिक चुनौति हो । यसै पनि नेपालमा बेला बेलामा फ्री तिब्बतको मुद्दा उठाउने र दलाई लामाको जन्मउत्सव मनाएर चीनविरोधी नारा उठाउने गरिएको समस्या विद्यमान छ ।

अफगानिस्तानबाट फर्केपछि विश्वशक्तिको मुकाम नेपाल हो । यो ओपन सेक्रेट विषय पनि हो । नेपाल चीन, भारत र अमेरिका त्रीशक्तिवीचको केन्द्रमा छ । हुन त यसमा रूस पनि सामेल छ । तथापि दलाई लामाको शुभकामनाले समस्याग्रस्त नेपालको कुटनीतिलाई पनि क्रोनिक बनाइदिएको छ ।

नेपाल कसैसँग लड्नसक्ने स्थितिमा छैन । एक आफैभित्र लड्नुछ, अर्को डिरेल भएको कूटनीतिलाई सम्हाल्नुछ ।

नेपालले यो चुनौती पार गर्नु भनेको १८१६ को सुगौली युद्धभन्दा कडा छ । जेनजी, राजनीतिक र कूटनीतिक चेत भएकाहरू सबै सतर्क रहौं ।






Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# बगराममा भारतीय झण्डाले उठ्ने, उठाउन सक्ने तनावहरू




**विश्लेषण**

अफगानिस्तानको वगराम एयरबेसमा भारतीय झण्डा तिरंगा झुण्डिएको तस्बिरले अन्तर्राष्ट्रिय कूटनीतिक हलचलमा आँधी आएको छ। यो केवल एउटा प्रतीकात्मक कार्य भन्दा बढी, दक्षिण एसियाको भू-राजनीतिक चेसबोर्डमा भारतले चालेको एक सुसूचित, साहसिक र अत्यन्त विवादास्पद चाल हो। यसले तालिबान पश्चातको अफगानिस्तानमा शक्ति शून्यताको जटिल खेलमा भारतले सिधा प्रवेश गरेको घोषणा गर्दछ, जसको गम्भीर परिणाम अमेरिकाले चेतावनी दिँदै भनिसकेको छ। यो घटना एउटा ठाउँमा सीमित घटना होइन, बरू यसले शक्ति समीकरण, गठबन्धन र भविष्यको प्रतिस्पर्धाको नयाँ समीकरण सिर्जना गरेको छ।

वगराम एयरबेस काबुलबाट मात्र ५० किलोमिटर टाढा, अफगानिस्तानको सैन्य इतिहासको केन्द्र हो। सोभियत युगदेखि अमेरिकी कब्जासम्म, यो एयरबेस अन्तर्राष्ट्रिय हस्तक्षेप र सैन्य शक्तिको प्रतिक हो। यही ठाउँमा भारतले आफ्नो झण्डा गाडेर केवल उपस्थिति मात्र जनाएको होइन, एक ऐतिहासिक र रणनीतिक स्थलमा आफ्नो दावेदारी पनि जाहेर गरेको छ। यसकारे अमेरिकी प्रतिक्रिया छ, *गम्भीर राजनीतिक र कूटनीतिक परिणाम* हुने कार्य। अमेरिकाको यो प्रतिक्रियाले भारतको बढ्दो सक्रियताप्रति अमेरिकाको गहिरो चिन्ता प्रतिबिम्बित गर्दछ।

यस पछाडि भारतको रणनीतिक गणना स्पष्ट र गम्भीर छ। पहिलो, यो चीन र पाकिस्तान विरूद्धको दीर्घकालीन रणनीतिक प्रतिस्पर्धाको अंश हो। तालिबानको सत्तामा पुनः आगमनपछि, भारतले आफ्नो सबैभन्दा ठूलो क्षेत्रीय प्रतिद्वन्द्वी चीन र पाकिस्तानलाई अफगानिस्तानमा स्वतन्त्र रूपमा प्रभाव जमाउन दिन सक्दैनथ्यो। चीनले पहिले नै तालिबानसँग राजनीतिक सम्पर्क कायम गरी आफ्नो बेल्ट एन्ड रोड इनिसिएटिभलाई अफगानिस्तानसम्म फैलाउने महत्वाकांक्षा व्यक्त गरिसकेको छ। भारतले बिआरलाई सदैव चीनको क्षेत्रीय प्रभुत्व स्थापनाको औजारको रूपमा हेरेको छ। वगराममा उपस्थितिले भारतले चीनको यो योजनामा सिधा चुनौती दिएको छ। दोस्रो, यसले पाकिस्तान विरूद्ध भारतको दुई फ्रन्ट रणनीतिलाई अझ मजबूत बनाउँछ। ऐतिहासिक रूपमा, भारतले पाकिस्तानलाई पूर्व र पश्चिम दुवैतिरबाट दबाबमा राख्ने प्रयास गर्दै आएको छ। अफगानिस्तान पाकिस्तानको पारम्परिक प्रभाव क्षेत्र भएकाले, भारतले त्यहाँ आफ्नो भूमिका बलियो बनाउँदा पाकिस्तानी सेना र खुफिया सेवा आईएसआईको लागि रणनीतिक चुनौती सिर्जना हुन्छ। यसले पाकिस्तानलाई आफ्नो पश्चिमी सीमामा पनि सतर्क रहन बाध्य बनाउँछ, जसले गर्दा भारत-पाकिस्तान सीमामा उसको ध्यान केन्द्रित गर्ने क्षमता कम हुन्छ।

अमेरिकाको तीव्र प्रतिक्रियाले तालिबान पश्चातको अफगान नीतिमा वाशिंगटनको जटिल स्थितिलाई उजागर गर्दछ। एकतर्फ, अमेरिका तालिबानसँग प्रत्यक्ष सम्पर्क बढाउँदै आएको छ, विशेष गरी आतंकवाद नियन्त्रण र मानव अधिकार (विशेष गरी महिला अधिकार) जस्ता विषयहरूमा वार्ता गर्न। अर्कोतर्फ, अमेरिकाले आफ्ना सहयोगीहरूलाई तालिबानलाई डि फ्याक्टो मान्यता दिन नदिई त्यससँग व्यावहारिक सम्पर्क मात्र राख्न आग्रह गर्दै आएको छ। भारतले गरेको जस्तो एकतर्फी कार्यले यस सन्तुलनलाई बिगार्न सक्छ। यसले तालिबानलाई अन्तर्राष्ट्रिय मान्यताको लागि भारतलाई अर्को मोलतोलको हतियारको रूपमा प्रयोग गर्न प्रोत्साहन दिन सक्छ, जसले गर्दा पश्चिमी देशहरूको समन्वित नीति कमजोर हुन सक्छ। भारतको यो कदमले अमेरिका-भारत रणनीतिक साझेदारीमा नयाँ मतभेदहरू पनि उजागर गरेको छ। चीन विरूद्धको इन्डो-प्यासिफिक गठबन्धनमा भारत केन्द्रीय भूमिका खेल्छ, तर अफगानिस्तान जस्तो तेस्रो मुलुकको बारेमा दुवैको हित र दृष्टिकोण फरक देखिन्छ। अमेरिकाको लागि अफगानिस्तान भनेको आतंकवाद नियन्त्रण र यसलाई अल कायदा जस्ता समूहहरूको सुरक्षित ठाउँ बन्नबाट रोक्ने प्राथमिकता हो भने भारतको लागि यो क्षेत्रीय प्रभुत्वको लडाइँ र पाकिस्तान र चीन विरूद्धको रणनीतिक घेराबारीको हिस्सा हो।

पाकिस्तानले भारतीय हस्तक्षेपलाई आफ्नो राष्ट्रिय सुरक्षाका लागि चुनौतीको रूपमा हेरेको छ। पाकिस्तानले तालिबानसँगको आफ्नो नजिकको सम्बन्ध प्रयोग गरेर भारत विरोधी कदम चाल्न सक्छ वा अफगान-पाकिस्तान सीमामा तनाव बढाउन सक्छ। चीनले यस घटनालाई सतर्कतापूर्वक हेर्नेछ। चीनको मुख्य हित अफगानिस्तानमा स्थिरता कायम राखेर आफ्नो बिआरआई परियोजनाहरू अगाडि बढाउनु हो। भारतको यस्तो कार्यले अफगानिस्तानलाई नयाँ भू-राजनीतिक प्रतिस्पर्धाको अखडा बनाउँछ भने चीन अप्रसन्न हुनेछ। साथै, चीनले यसलाई भारत-अमेरिका सम्बन्धमा फाटो पार्ने र भारतलाई अलग गर्ने अवसरको रूपमा पनि हेर्न सक्छ। ऐतिहासिक रूपमा अफगानिस्तानसँग नजिकको सम्बन्ध राख्ने रूसले यसलाई पश्चिमी प्रभाव विरूद्धको कार्यको रूपमा हेर्न सक्छ। रूसले भारतसँगको रक्षा सहयोगलाई महत्व दिन्छ, साथै तालिबानसँग पनि उसको सम्पर्क छ। रूसले यी दुई बीच मध्यस्थको भूमिका निभाउन खोज्न सक्छ।

सबैभन्दा महत्वपूर्ण प्रतिक्रिया तालिबान सरकारको हुनेछ, जसले हालसम्म यस विषयमा सार्वजनिक टिप्पणी गरेको छैन। एकतर्फ, उनीहरूले भारतलाई आफ्नो राजनीतिक मान्यताको बदलामा आर्थिक सहयोग वा पुनर्निर्माण परियोजनाको लोभ दिन सक्छन्। भारतले अफगानिस्तानमा ठूलो आर्थिक सहयोग गर्ने क्षमता राख्छ, जुन तालिबान सरकारलाई अति आवश्यक छ। अर्कोतर्फ, तालिबानले भारत र पाकिस्तान बीचको झगडामा आफूलाई बीचमा राखी दुवैतर्फबाट लाभ लिन सक्छ। यसको जोखिम पनि छ। यदि तालिबानले भारतको उपस्थितिलाई अनुमति दिएमा, पाकिस्तान रसिया सम्बन्ध जोखिममा पर्न सक्छ, जसले गर्दा तालिबानको लागि पनि सुरक्षा चुनौती उत्पन्न हुनसक्छ।

दीर्घकालीन रूपमा, वगराममा भारतीय झण्डाले दक्षिण एसियाको भू-राजनीतिक ढाँचामा गहिरो प्रभाव पार्न सक्छ। यसले अफगानिस्तानलाई भारत, चीन र पाकिस्तानबीचको प्रतिस्पर्धाको प्रमुख केन्द्रबिन्दु बनाउन सक्छ। अफगानिस्तानको आन्तरिक स्थिरता पहिल्यै कमजोर अवस्थामा छ। यदि यो देश बाहिरी शक्तिहरूको प्रतिस्पर्धाको अखडा बन्यो भने, त्यहाँको सुरक्षा स्थिति अझ बिग्रने खतरा छ। यसले क्षेत्रीय आतंकवादी समूहहरूलाई पनि फाइदा उठाउन मौका दिन सक्छ। अमेरिका-भारत सम्बन्धमा यसले जटिलता थपेको छ। चीन विरूद्धको इन्डो-प्यासिफिक रणनीतिमा भारत अमेरिकाको महत्वपूर्ण साझेदार हो, तर अफगानिस्तान जस्तो मुद्दामा दुवैको हित र दृष्टिकोण फरक देखिन्छ। भारतले यसरी स्वतन्त्र र सक्रिय विदेशनीति अपनाउँदा, अमेरिका र पश्चिमाहरूसँग समन्वय गर्न उसलाई चुनौती सामना गर्नुपर्नेछ।

अन्त्यमा, वगराम एयरबेसमा भारतीय झण्डा एउटा प्रतीक मात्र होइन, स्पष्ट सन्देश हो- भारतले क्षेत्रीय शक्तिको रूपमा आफ्नो भूमिका सक्रिय रूपमा निर्वाह गर्न तथा चीन र पाकिस्तानको प्रभावलाई चुनौती दिने इच्छा राखेको छ। यो भारतको नेबरहुड फर्स्ट नीतिको विस्तार हो, जसअन्तर्गत उसले आफ्नो छिमेकी मुलुकहरूमा प्रत्यक्ष र परोक्ष प्रभाव बढाउने प्रयास गरिरहेको छ। यसले अमेरिका र अन्य पश्चिमी शक्तिहरूसँग रणनीतिक मतभेद पनि उत्पन्न गरेको छ। यस घटनाले स्पष्ट गर्दछ कि तालिबान शासन पछिको अफगानिस्तान अझै पनि विश्व राजनीतिको एक जटिल र विस्फोटक चेसबोर्ड नै बनेको छ। यहाँ एउटा छिमेकी राष्ट्रले गरेको एउटा प्रतीकात्मक कार्यले पनि क्षेत्रीय शान्ति र स्थिरतालाई हल्लाउन सक्छ। भारतले यो चाल चलेको छ, अब अर्को खेलाडीहरूको चाल, विशेष गरी तालिबानको प्रतिक्रिया र अमेरिकाको कडाइले भविष्यको खेल निर्धारण गर्नेछ। वगरामको एयरबेसमा झुलेको तिरंगाले भारतको महत्वाकांक्षालाई त देखायो, यसले उसलाई नयाँ र अस्थिर राजनीतिक भूभागमा प्रवेश गराएको छ, जहाँ प्रत्येक कदमको गम्भीर परिणाम हुनसक्छ।

# नेताहरूका लागि सुशासन, जनताका लागि कूशासन

**नारायण प्रसाद मिश्र**



उमेरको हिसावले म मध्य ८० वर्षको भएकोले जीवनको अन्तिम चरणमा छु। जीवनको यो लामो अवधिमा मैले नेपालका महाराजाधिराज श्री ५ महेन्द्र, श्री ५ बीरेन्द्र र धेरैजसो प्रधानमन्त्रीहरू–१९५१ मा राणा शासन पतनपछि बनेका पहिलो प्रधानमन्त्री श्री मातृका प्रसाद कोइराला देखि देशका पहिलो निर्वाचित प्रधानमन्त्री श्री विश्वेश्वर प्रसाद कोइराला, हालैसम्मका निवर्तमान प्रधानमन्त्रीहरू श्री के.पी. शर्मा ओली र श्री शेरबहादुर देउवासम्म सवैसँग भेट्ने अवसर पाएँ। केवल क्रान्तिकारी नेताको रूपमा परिचित माओवादी नेता पुष्पकमल दाहाल ‘प्रचण्ड’ सँग भने नजीकबाट देखेको बाहेक संवाद गर्ने मौका पाएको छैन।

म कहिल्यै कसैको अनुयायी वा चाप्लुसी गर्ने मानिस नभएकाले मैले कुनै पनि नेतासँग नजिकिने प्रयास भने गरिन। यसैले कसैसित मेरो व्यक्तिगत सम्बन्ध वा घनिष्ठता रहेन। भेटघाट भएका नेताहरूसँगको संवादमा मैले कसैलाई असहज र नराम्रो अनुभव गरिन। पुराना पुस्ताका नेताहरू वारे विशेष खोजीनीति गरी अध्ययन अनुसन्धान नगरेकोले धेरैको व्यक्तिगत कुरा मलाई जानकारी छैन। तर आजको युग डिजिटल युग भएको र सवै कुरा आफनो हातमा रहेको आइफोन, आइपाएडमा नै आउने हुँदा हालका नेताहरू वारे देखिएका कुराहरू पढने र सुन्ने गरेकोले उनीहरू वारे धेरैथोरै कुरा जानकारी छ। श्री देउवा र श्री ओलीका विद्यार्थी जीवन तथा युवाकालका धेरै नजिकका साथीहरूका स्मृतिहरू मार्फत मैले उनीहरूको सुख-दुःख, गरिबी र संघर्षका मार्मिक कथाहरू सुनेको छु। ती प्रस्तुतिहरू आज पनि युट्युबमा उपलब्ध छन्। उदाहरणका लागि, श्री देउवाका कुनै बेलाका निकट मित्र तथा नेपाली कांग्रेस पार्टीका नेता श्रीदामोदर गौतम र श्री ओलीका नजिकका त्यस्तै मित्र प्रख्यात कम्युनिष्ट नेता श्री मोहनचन्द्र अधिकारीसँगका अन्तर्वार्ताहरू आज पनि भेटिन्छन्। यस्ता संस्मरणहरू सुन्दा, यी नेताहरू नेपालका गरिबी र नागरिकहरूको पीडाबारे अनभिज्ञ हुन सक्छन् भन्ने विश्वास त के ? कल्पना पनि गर्न सकिदैन।

यि तीन नेताहरू–देउवा, ओली, र प्रचण्डले मुलुकको प्रधानमन्त्रीको रूपमा पटक-पटक, धेरै वर्षसम्म शासन गरे। उनीहरूको नेतृत्वमा नेपालले उल्लेखनीय प्रगति गरेको, जनताका पीडा कम भएको, सबै आवश्यक जनताका हकहितका कुरा संविधानले सुरक्षित गरेको आदि आदि उनीहरूले बारम्बार दाबी गरेकाछन्। लोकतन्त्रले नागरिकलाई समानता र न्याय दिएको, मुलुकमा सुशासन कायम गरेको र लोकतन्त्रले सबैको जीवनमा खुशी ल्याएको आदि आदि कुरा पनि उनीहरूले वेलावखत भन्ने गरेका छन्। साथै आफू अथवा आफ्ना परिवार कहिल्यै कुनै भ्रष्टाचार प्रकरणमा समावेश नभएको, सरकारी संस्थाहरू प्रभावकारी रूपमा चलेको र कानूनीशासन पूर्ण रूपमा स्थापित भएको भन्ने पनि उनीहरूको दाबी सबैलाई थाहा छ।

मेरो कुनै पनि राजनैतिक व्यवस्थासित वितृष्णा वा दुस्मनी छैन। म कसैप्रति अनाहक बा राजनैतिक दृष्टिकोणले ईर्ष्या, घृणा वा द्वेष राख्ने मानिस होइन। एकदलीय शासनदेखि आजको बहुदलीय व्यवस्थासम्म, म कहिल्यै कुनै पनि पार्टीसँग जोडिनँ। मैले तिनीहरूबाट कहिल्यै कुनै लाभ खोजिन, पाएको पनि छैन। झूट बोल्ने न मेरो स्वभाव छ, न आवश्यकता। अन्तस्करणले मनको गहिराइ र शुद्ध मनले बिचार गर्दा मलाई लाग्छ- यी नेताहरू देशको वास्तविक अवस्थाबारे अनभिज्ञ छन् वा जानेर पनि बूझ पचाउने गरेका छन् वा उनीहरू आफ्नो संघर्षशील जीवनवाट आज पूर्णतः भिन्न व्यक्तिमा रूपान्तरित भइसकेका छन्। मेरो चेतनामा यहाँ लोकतन्त्र होइन, दलतन्त्रमात्र छ। संविधानमा मौलिक हकको कमी छैन भन्ने कुरा सत्य हो, तर ती व्यवहारमा होइन, कागजमै सीमित छन्।


मन्त्रालयहरू, प्रहरी वा अदालत–कहीं पनि म लोकतन्त्र देख्दिन। हरेक स्थानमा, हरेक क्षण, पार्टीका नेता र कार्यकर्ताहरू पहिलो श्रेणीका नागरिक झैं देखिन्छन्; हामीजस्ता सामान्य नागरिक दोस्रो श्रेणीका। उनीहरू कानूनभन्दा माथि देखिन्छन्, कुनै भ्रष्टाचार आरोपले उनीहरूलाई छुदैन, राज्यका कुनै पनि सुविधामा पहिलो अधिकार उनीहरूको हुन्छ। यसको विपरीत, सर्वसाधारण नागरिकसँग संविधान र कानूनले दिएको अधिकार पनि उपभोगमा छैन। कामको सिलसिलामा म जहाँ-जहाँ गएको छु–यातायात, मालपोत, नापी, भूमिसुधार, वडा कार्यालय–कहीं पनि ठूलावडाको सम्बन्ध वा घुसबिना कसैको काम भएको सुनेको छैन। बालुवा ठेक्कादेखि पेन्टिङ टेन्डरसम्म, पार्टीका नेता, कार्यकर्ता, वा घुसखोरको हात बाहिर ठेक्का गएको मैले सुनेको छैन।

विश्वविद्यालयदेखि संवैधानिक निकायसम्म, सबैले पद बाँडफाँडको राजनीति देख्दै आएका छन्। म जस्ता नागरिकका लागि योग्यता, क्षमता, अनुभव, ज्ञान वा सृजनशीलताको आधारमा कहिल्यै अवसर मिलेको मैले देखेको छैन। जीवनमा मेरो आफ्नै तीतो अनुभव र स्मरण छ–२०४९ सालमा म जम्मा ४९ वर्षको थिएँ, १४ वर्ष सेवा अवधि बाँकी थियो। विश्वविद्यालयमा मेरो क्रियाकलाप र सेवामा- ज्ञान, इमानदारी, सक्रियता, समर्पण, लगनशीलता, सृजनशीलता र प्राज्ञिक, शौक्षिक योगदानको कुनै कमी थिएन। तर केदारभक्त माथेमाको उपकुलपतित्वमा स्वैक्षिक अवकाशको नाममा मलाई विश्वविद्यालय सेवाबाट जबरजस्ती अवकाश दिइयो। यसमा म मात्र एक्लो थिइन– मेरी श्रीमती विश्वविद्यालय पुस्तकालयकी संस्थापक प्रमुख लाइबेरियन शान्ति मिश्रदेखि अरू केहीले पनि यै स्थिति भोगे। तर अधिकांश पार्टी नेता र अनुयायीहरूले यस्ता गलत कार्यलाई आँखा चिम्लिएर समर्थन गरे र लाभ उठाए।

मेरी श्रीमती शान्ति मिश्र र मैले संयुक्त लेखक भई २०३८ सालमा पुस्तकालय विज्ञानको रूपरेखा शीर्षकको एक पुस्तक नेपाली भाषामा लेखेका थियौं। सो विषयमा नेपाली भाषामा लेखिएको यो प्रथम पुस्तक हो। यो पञ्चायती व्यवस्थाको शासन काल थियो। यो वेलामा पनि कुनै शक्तिवाल राजा महाराजा, मन्त्री, प्रधानमन्त्री कसैलाई होइन सहिदहरूलाई हामीले निम्न बाक्यहरू कोरी सो पुस्तक समर्पण गरेका थियौं।

***पुस्तकमा छापिएको समर्पणको चित्र***

ऊबेला लेखिएका यी शब्द बाक्यहरूले नै हाम्रो प्रजातन्त्रप्रतिको प्रतिवद्धता र आस्था कति रहेछ भन्ने कुरा स्पष्ट गर्छ। थप कुरा भन्न आवश्यक पर्दैन। विश्वविद्यालय सेवावाट हाम्रो अवकाश सम्बन्धमा म बेलावखत कल्पना गर्छु- श्रद्धेय सहिद श्री धर्म भक्त माथेमा र अरू सहिदहरूले हामीजस्तो राष्ट्रप्रति


समर्पण

देश र जनताको भलाइखातिर हाँसीखुशी जीवन
बलिदान दिने श्रद्धेय सहीदहरू र शहीदहरूको
इच्छा-आकांक्षाको पूर्तिका लागि जीवनमा
सुख-शान्तिको परवाह नगर्ने प्रशंसनीय
जीवित मान्यजनहरूमा
सादर समर्पण ।

बफादार राष्ट्रसेवकहरूलाई सेवावाट अलग्याई आफनो स्वार्थ बमोजिम दलीय तानाशाही लाद्ने ब्यवस्था स्थापना गर्नको निमित जरूर पनि फाँसीमा चढेका होइनन् होला। तर यस्तो स्थिति अनुभव गर्न पर्दा कम दुःख लाग्दैन।

कसैको डर-भर लोभ-लालच बिना मैले देश र जनताको हितका लागि यी सबै अनियमितता र वेथिति विरूद्ध लेख्दै आएको छु। पार्टीहरूका अन्धाभक्त र पिछलग्गुहरूले बाहेक, साधारण नागरिकले यसलाई कसरी “सुशासन” भन्न सक्छ ? प्रायः हरेक महिना बाहिर आउने भ्रष्टाचार काण्ड–जस्तै नक्कली भूटानी शरणार्थी प्रकरण र अरू धेरै फाइल खोल्ने कि बन्द गर्ने भनेर चल्ने विवाद, सुशासनका संकेत हुन सक्दैनन्। ६/६ महिनामा भत्किने-बनिने गठबन्धन सरकारहरू पनि स्थिरताका प्रतीक होइनन्। यसै सन्दर्भमा भन्नुपर्छ- गरिब र आर्थिक रूपमा कमजोर नागरिकहरू–खाना, कपडा, शिक्षा, स्वास्थ्य, बिजुली, पानी–सबैको अभावमा पीडित छन्। युट्युबमार्फत सुनेका यी माथि उल्लिखित नेताहरूका गरिब र साधारण जीवन सम्झँदा, आज उनीहरू सामान्य जनताको वास्तविक समस्यातर्फ कसरी आँखामुनि पट्टी बाँधेर बसेका होलान्–म कल्पनै गर्न सक्दिन।

सायद यिनै कारणले Gen Z ले हालै विद्रोह गऱ्यो। करिब ७८ जना युवाले बलिदान दिए, सयौं घाइते भए, धेरै अपाङ्ग भए। सरकारी कार्यालय, भवनहरू, नेता र कार्यकर्ताहरूका घरहरू जलाएर खरानी बनाइयो। यस्तो विनाश हेर्दा देख्दा मलाई कम दुःख लागेन। यो कुनै सानो विपत्ति होइन। परिणामस्वरूप, आज हामीकहाँ प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वको अन्तरिम सरकार छ।

Gen Z ले सुशासनको माग गरेको छ। जनताले पनि सुशासनको माग गरेका छन्। अहिलेसम्म नेताहरू र पार्टीहरूले जसलाई “सुशासन” भनेर गर्व गरेका थिए, त्यसलाई जनताले कुशासनका रूपमा देखेको, भोगेको, अनुभूति गरेको यो प्रमाण हो। ज्वलन्त उदाहरण हो। यसको आधारमा पनि हाम्रा नेता र पार्टीहरूले बुझून्–उनीहरूले अभ्यास गर्दै आएको कुरा सुशासन होइन, दुशासन र कुशासन हो। यस सत्य बोधका लागि भगवानले उनीहरूका मन-मस्तिष्कमा सद्बुद्धि भरिदेऊन् भन्ने म प्रार्थना गर्दछु।

सुशासन स्थापनाका लागि, विद्रोहीहरूले एक स्थिर प्रणाली–विशेषगरी अस्थिर गठबन्धनको सट्टा जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था माग गरेका छन्। रोचक कुरा के छ भने, विगत समयमा वेलावखत नेपालका पार्टीहरूले पनि आफैंले यस्तो प्रस्ताव गरेको मेरो सम्झनामा छ। त्यसैले यसको विरोध गर्नुपर्ने कुनै कारण देखिँदैन। त्यस्तै, विद्रोहीहरूले हालको संघीय संरचनाको सट्टा राम्रो विकेन्द्रित शासन प्रणाली माग गरेका छन्–जहाँ नेपालको कुनै पनि दुर्गम कुनाको कुनामा बसेको नागरिकले पनि काठमाडौंबाट पाइने सेवा सुविधा सजिलो तरिकाले पाओस्। यो मागको पनि विरोध गर्नु उपयुक्त ठहर्दैन।

यसबाहेक, संवैधानिक निकायहरूमा पार्टीको कोटाका आधारमा हुने नियुक्ति अन्त्य गर्न र सच्चा लोकतन्त्र पुनर्स्थापना गर्न आवश्यक संवैधानिक संशोधनको पनि उनीहरूले माग गरेका छन्। यो पनि सुशासनका लागि अनिवार्य कदम हो। यसमा पनि विरोध गर्नु पर्ने कुनै कारण छैन। साथै, शक्ति केन्द्रीकरण घटाउन र शक्ति सन्तुलन र नियन्त्रणको राम्रो व्यवस्था गर्न (चेक्स एन्ड ब्यालेन्स) बलियो बनाउन–राष्ट्रपति वा प्रधानमन्त्री मध्ये कुनै एक पद गैर-राजनीतिक बनाइनु उपयुक्त हुने जनताको धारणा ब्याप्त छ। कुनै न कुनै किसिमको राजतन्त्रको व्यवस्था गर्न सकियो भने यो समस्या स्वतः समाधान हुन्छ। त्यस्तै, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीले संसद् सदस्यबाट मात्र नभई, देशका पेशा-व्यवसायका सीमित संख्याका उत्कृष्ट विज्ञहरूलाई पनि मन्त्री नियुक्त गर्न सकिने व्यवस्था हुनसके देशको प्रगति द्रुतगतिले हुनसक्ने धारणा पनि यसै सन्दर्भमा ग्राह्य र अनुकरणीय देखिन्छ। यसैले मुलुकको अबको यात्रा प्रगति र सुशासन तर्फ द्रुतगतिले अघि बढाउनको निमित सबैको हितका लागि सबै दलहरूले यी सुधारहरू सहर्ष स्वीकार र समर्थन गर्न जरूरी छ। मुलुकको शासन व्यवस्था परिवर्तनको लागि भविष्यमा कसैले अर्को विनाशकारी विद्रोह नल्याउने वातावरण मुलुकमा शिघ्र हुनसकोस् भन्ने कामना सबैले गर्नपनि उतिकै जरूरी छ।

narayanshanti70@gmail.com

# Venezuela's controversial Nobel Peace Prize winner

By Katrin Bennhold

Good morning, world! The Nobel Peace Prize is perhaps the highest international honor someone can receive. It confers moral standing on a person, an institution and their cause. Mother Teresa was awarded it. So did Nelson Mandela and Martin Luther King.

But for all the laureates whose names have become synonymous with self-sacrifice and good deeds, there have been some controversial ones, too. And this year's has been particularly so. Today I write about the Nobel Committee's choice of the Venezuelan opposition leader María Corina Machado.



María Corina Machado is shown outside a building, clasping her hands and looking down.

***María Corina Machado in Caracas after voting in the presidential election last year. Adriana Loureiro Fernandez for The New York Times***

María Corina Machado, Venezuela's de facto opposition leader, was awarded this year's Nobel Peace Prize for her attempts to push an authoritarian country toward democracy through peaceful means — at least for now.

When other opposition leaders fled into exile, she stayed to challenge a government that jails opponents, tortures critics and censors the press. She stayed in hiding for more than a year after President Nicolás Maduro declared victory in a vote that was widely seen as rigged. (Her daughter accepted the prize on her behalf yesterday; Machado herself said she was on her way to Oslo despite missing the ceremony.)

But Machado's peace prize has been highly contentious. She dedicated it to President Trump, who has amassed U.S. warships in the Caribbean, killing at least 87 people in boats in strikes that critics say amount to war crimes. Officials in the Trump administration privately say their ultimate goal is to bring about regime change in Venezuela. Machado has expressed support for using force to oust Maduro.

She's not the first Nobel laureate to attract controversy. But the reaction this year has been quite intense.

On Tuesday, protesters waved signs that read "No Peace Prize for Warmongers" outside the Nobel Institute. And yesterday, the Norwegian Peace Council — a group of 19 organizations promoting disarmament and conflict resolution — declined to hold its traditional torchlight procession to honor the laureate, saying Machado does not align with its "core values."

The award has raised questions about the prize and its goals: If a politician actively calling for military intervention can win the Nobel Peace Prize, what is the prize for¿

A long list of controversies

The Nobel Peace Prize's actual relationship to peace has always been contentious, dating back to its origins in the will of Alfred Nobel, the 19th-century inventor of dynamite.

Some laureates have subsequently failed to live up the prize's ideals: The Myanmar dissident Aung San Suu Kyi was awarded the prize in 1991. Years later, after joining the government, she defended Myanmar against charges it had committed genocide against its Rohingya minority, prompting calls for her prize to be rescinded.

President Barack Obama was given the prize just months into his first term. He went on to preside over a vast expansion of the United States' drone strike program.

On other occasions, the peace prize has gone to people actively or recently involved in military activities. Infamously, the prize went to Henry Kissinger in 1973, along with his North Vietnamese counterpart, Le Duc Tho, for negotiating a cease-fire in the Vietnam War, which soon fell apart. (The singer Tom Lehrer said the choice of Kissinger had rendered political satire obsolete.)

Henry Kissinger is shown shaking hands with Le Duc Tho with a group of men standing behind them.

Henry Kissinger shakes hands with Le Duc Tho in Paris in 1973. -/Agence France-Presse — Getty Images

The 2019 winner, Prime Minister Abiy Ahmed of Ethiopia, received the prize for introducing democratic changes and resolving a conflict with neighboring Eritrea. Shortly afterward, though, he ordered military operations and airstrikes against the Ethiopian region of Tigray, and skipped the news conference after his Nobel acceptance speech.

In those cases, the prize went to people involved in military conflicts, but who were seeking breakthroughs toward peace. In Machado's case, she is encouraging military action as a means to achieve democracy.

Democracy and peace

The Nobel Peace Prize tends to be symbolic — less about the individuals, more about what they stand for. In that sense, Machado's prize recognized thousands of Venezuelan activists and campaigners — people who risked their lives for democracy at a time when it seems to be under threat across the world, said Laura Gamboa, a Latin America specialist at the University of Utah.

And democracy and peace might be different things, but they're often seen as linked, said Nina Graeger, director of the Peace Research Institute Oslo.

Machado most likely still sees herself as pursuing the same goal — helping Venezuela transition from dictatorship to democracy — through different (yes, military) means. In her acceptance speech, Machado's daughter said that the prize "reminds the world that democracy is essential to peace" and that "to have a democracy, we must be willing to fight for freedom."

What the most controversial Nobel Peace Prizes really reveal is that the award is often on tricky terrain when it goes to a recipient who is actively engaged in politics, rather than imprisoned or in exile. Politicians who received the prize are almost always controversial in their own countries, Graeger said; by definition, they have opponents. They also engage in the pursuit of power and policymaking, which can often lead to compromises.

***There's a reason the peace prize was initially so uncontroversial when it went to Aung San Suu Kyi in 1991. At the time, she was under house arrest. The Nobel Committee tends to loves dissidents. But people with power — and the formerly powerless who may eventually obtain power — are more complicated.***

# Drain the political swamp:

## Why Nepal must remove appointees who serve parties, not the people




The Constitution of Nepal, (2015), envisions a robust framework of commissions and constitutional bodies to safeguard governance, transparency, and accountability. Key institutions include the Commission for the Investigation of Abuse of Authority (CIAA), the Office of the Auditor General, the Public Service Commission, the Election Commission, the National Human Rights Commission, the National Women's Commission, the National Natural Resources and Fiscal Commission, and several other commissions under Part 27. While commissions under Parts 21 to 26 are indispensable to the functioning of the state, many bodies under Part 27 often serve as convenient postings for political appointees. The machinery of government runs smoothly even when many of these positions remain vacant, raising troubling questions about why taxpayers should finance officials whose contribution is negligible or nonexistent.

The performance record of these political appointees is deeply concerning. Many commissions have failed to deliver meaningful or productive work, yet their members continue to draw hefty salaries, perks, and state privileges without accountability. Around the world, politically appointed officials of outgoing governments voluntarily step down to preserve institutional neutrality and public trust. In Nepal, however, the culture of clinging to office, no matter how undeserved, has become normalized. The same moral standard applies to ambassadors recalled by the new government. Diplomats represent the Nepali state, not the interests of political parties. Politically appointed ambassadors who refuse to step aside undermine Nepal's credibility abroad and weaken the principle of impartial diplomacy. Their reluctance to resign reflects a disregard for democratic norms and institutional integrity.


Nepal's persistent political instability has further strained governance. The House of Representatives, constitutionally mandated until 2084 BS, was dissolved following the Gen–Z Movement, and elections for the Federal Parliament are now scheduled for March 5. The aftermath of the movement, which resulted in widespread destruction of public property and infrastructure, demands massive reconstruction funds. The government has been forced to cut budgets for development projects and adopt austerity measures to ensure resources for rebuilding and conducting elections.

In this context, the moral and political legitimacy of individuals occupying partisan-appointed positions is indefensible. Many of these appointments reflect nothing more than political patronage, offering rewards to loyalists rather than selecting individuals based on expertise, merit, or service to the nation. Adding to the irony, many of these appointees are enjoying state-provided luxury that they had never experienced before. Expensive vehicles, full maintenance and fuel costs, generous allowances, and multiple security personnel—without any credible security threats—have become symbols of entitlement rather than responsibility. Some behave like royalty, refusing even to open the doors of their own cars, and treating security personnel as if they were private servants assigned to their personal comfort. This misuse of state resources is a national embarrassment and an insult to the dignity of the security forces. These personnel must be recalled immediately so they can serve the nation where they are genuinely required, not wasted protecting individuals whose authority is rooted solely in political favoritism.

Clinging to luxury and undeserved privilege at a time when the government is struggling to fund essential reconstruction and development is not just unethical; it is shameful. Nepal cannot afford such extravagance while cutting down project budgets and enforcing austerity. To make matters worse, Nepal's governance continues to be influenced heavily by foreign powers. India, China, and the United States remain particularly active in Kathmandu's political and diplomatic landscape, often shaping outcomes that should be guided by Nepal's own priorities. A government accountable to its people must prioritize domestic needs, ensure efficient service delivery, uphold institutional discipline, and respond promptly to public concerns. Yet, despite constitutional mechanisms such as parliamentary oversight and ministerial responsibility, essential services fail to reach many citizens, particularly marginalized communities. Corruption, clientelism, and the dominance of powerful individuals continue to undermine the system, allowing public resources to be used at personal whim rather than according to law and institutional norms.

Nepal stands at a decisive turning point. Political appointees in Part 27 commissions and recalled ambassadors must recognize that public office is not a personal privilege. It is a responsibility grounded in ethics and accountability. Voluntary resignation is not merely a symbolic gesture; it is a moral obligation. It is the least they can offer a country struggling to rebuild its infrastructure and prepare for crucial national elections. If Nepal is to restore public trust, strengthen institutions, and preserve democratic values, these morally compromised officials must step aside. Their unwillingness to do so exposes their true motivations—not service or duty, but entitlement and personal gain.

The time has come for Nepal to reject the culture of privilege and demand integrity from all who occupy public office. The Nepali people deserve better, and the state must be protected from those who treat it as a reward for political loyalty rather than a sacred responsibility.



# रणबहादुर र कान्तवतीका चर्तिकला



*इतिहासका राजनीतिक घटनाक्रम..*

राजाले विधवा राख्छन् । धर्म विपरित उत्तराधिकारी बनाउँछन् । जारी काम गर्ने बाहुनलाई पनि काट्नु भन्नेछ । कान्छा चौतारिया दलमर्दन शाहका छोरा कुलचन्द्र शाहले बाहुनी कान्तावली ल्याएको र उनी पट्टिका उमेरले कान्छा छोरा गीर्वाण युद्धलाई राजतिलक दिएको कुरामा विरोध गरेको भनेर आँखा झिकिदिएका हुन्छन् ।

कान्तावती विरामी भएकै बखत छानामा गिद्ध बस्दछ । त्यसलार्य अपसकुन ठानेर फेरि नवसोस भनेर देशभरका गिद्ध खोजी खोजी मार्न लगाउँदछन् । गिद्धका गुण, खोर, बचेरा, फुल खोजी खोजी नष्ट गर्न लगाउँदछन् । सबै सित अकारण च्योठिनु सामान्य भइसक्छ । रानीलाई ठाउँ ठाउँ सारेर राखिन्छ । अन्त्यमा १८६ कार्तिक १९ गते रानीको मृत्यु हुन्छ ।

रानीको मृत्युपछि स्वामी राज पागल वा सिल्ली हुँदै जान्छन् । रानीको चोले च्यापेर सतिजाने रूपमा चितामा सँगै ज्ल्न चाहन्छन् । रूनी कराउने आफैलाई बन्दुक हान्न खोज्ने गर्दछन् । तुलजा भवानीको मूर्ति उखेलेर स्मसान घाटमा फाल्दछन् । भादगाउँका बेताललाई बन्चरोले फोर्दछन् । सिम्मूकी हारती मातालाई गुहुको धुप बाल्दछन् । कुम्मेश्वरको शिव लिङ्गमा गुहुको चन्दन लेप लगाउँदछन् । करवीर मसान बस्ने थलोका घाट खनेर घुल कुटान गर्दछन् ।

रानीको उपचारमा संलग्न भएकामा औषधी गर्ने हाकिम र वैद्य, ग्रहदशा हेर्ने ज्योतिषी, लागो भागो मन्साउने धामी, द्यौता बोलाउने झाँक्री, टुनामुना गर्ने तान्त्रिक, पूजा पाठ जय गर्ने ब्राह्मण आदि सबैलाई अघोर दण्ड दिन्छन् । कतिलाई जिउ धन लिन्छन् । सर्वस्व हरण गर्दछन् । कतिका घर डढाइन्छन् । कतिका जहान परिवारलाई अछुत र अजात बनाइन्छ । कतिपयलाई मानिस, गाई र सुगुरको मासु खुवाइन्छ । कति पथलाई ३६ जातको गुहु खुवाइन्छ । कति पयलाई जाड खुवाई चार पाटा मुडेर देश निकाला गरिन्छ । कतिपयलाई आँखामा सिउँडीको विष हालेर देश निकाला गरिन्छ ।

कतिपयका स्वास्नीलाई दमाइ र पोडे लगाएर घिस्याउन लगाइन्छ । कति जनालाई कुटेर टुक्रा टुक्रा पारेर गडाहामा चोक्टा फालिन्छ । रोग खुट्टाउन नसक्ने भनेर विभत्स रूपमा दण्ड दिन्छन् ।

स्वामी राजाको उग्र व्यवहारका कारण तथा दरवारमा सुरू हुन थालेको चर्को गृहयुद्धबाट बचाउनु भारदारहरूले स्वामीलाई सिकारको बहानामा जेठीरानी सहित नुवाकोट दरबारमा लगिन्छ । केही दिनमै आफूलाई छोराबाट टाढा राख्ने प्रयत्न गरेको आरोप लगाइ भारदारलाई दण्ड दिन थाल्दछन् । त्यस बखत दिएका दण्डमा खुट्टामा बाँधेर झुड्याउने, हातमा बाँधेर झुड्याउने, छालामा राखेर घिसार्दै बजार घुमाउने, स्वास्नीका गुन्यु चोलो, चुरा पोते लगाएर बजार घुमाउने आदि दण्ड हुन्छन् ।

१.संस्कार र राज नेतृत्व

संस्कार र नेतृत्व एक अर्काका पुरक हुन् र एक अर्काका प्रतिद्वन्द्वी पनि हुन् । कुनै पनि घर त्यस घरको संस्कारले चल्दछ । त्यसै गरेर कुनै पनि देश त्यस देशको संस्कारले चल्दछ । संस्कार कुनै एक व्यक्ति विशेषले बनाएको यान्त्रिक विषयवस्तु होइन । यो त निरन्तरको प्रयोगले सिद्ध गरेर ल्याएको सकारात्मक विषवस्तुको संगालो हो । यो वंशज रूपमा जीव कोशिकाद्वारा परिचालित हुँदै आउँदैछ । त्यति मात्र होइन यो जन्मजन्मान्तरमा पनि टाँसिएर आउँदछ । जस्लाई तत्ववेत्ताले 'अनुस्मृति' भनेर नाम दिएका छन् । यो अध्यात्म र दर्शनसँग गाँसिएको विषय भएकोले जो कोहिले मन पराउँदैनन्, जो कोहिले बुझ्दैनन् पनि । त्यसकारण यसलाई यही छाडेर आदि भौतिक पक्षतिर उल्लेख गर्न चाहन्छु ।

वाइसे चौविसे कालका राजा रजौटाको नेतृत्व खुवी थिएन । तिनले गर्ने शासन व्यवस्था संस्कारले चलाएको हुन्छ । संस्कारलाई बदल्न कुनै सशक्त नेतृत्व चाहिने हुन्छ । पौरस्त्य सभ्यतामा हजारौं महर्षी र सन्तहरूले नयाँ विचार प्रतिपादन गरेका छन् । जुन उनीहरूले कुनै राजा मार्फत लागू गरेर समाजमा परिवर्तन ल्याएका छन् । वशिष्ठ, भारद्वाज वाल्मिकिले राजा राम मार्फत ती विचारलाई कार्यान्वयन गराए । ती विचारले विश्वमै "रामराज्य" को नामले प्रसस्ती कमाएको छ । श्री कृष्णले आफ्ना विचारलाई राजा युधिष्ठिर मार्फत लागू गराए । त्यो पद्धति गीता, श्रीमद्भागवतका रूपमा व्यापक छ ।

गोरखाका राजा पृथ्वीनारायण शाह एउटा यस्तो नेतृत्व दिन सक्ने व्यक्तित्व हुन् जस्ले संस्कार नभत्काइकन संस्कार बदल्न सक्ने क्षमता राख्दछन् । उनले पौरस्त्य संस्कार र सभ्यतालाई मजबुत गराएर राजनीतिक र प्रशासनिक संस्कारलाई बदलिदिए । अनेकतामा एकता र असली 'हिन्दूस्थान' बनाइदिए । तर उनी पछि उनका वंशज उत्तराधिकारीका ९ पुस्तासम्म कोही पनि नेतृत्व दिन सक्ने क्षमताका राजा जन्मेनन् । उनीपछि राजा त्रिभुवनसम्म नेतृत्वकारी भूमिका खेल्न सक्ने कुनै राजा नजन्मे पनि ठूलो विघ्नवाधा नपरिकन राज्य व्यवस्था राम्ररी सञ्चालन हुँदै आएको हो । यो लामो काल खण्डमा केवल संस्कारले राज्य चलाएको हो । नेतृत्वकारी क्षमताले होइन । संस्कार यति बलियो विषय हो, कि त्यसबीचमा नेतृत्व दिन सक्ने खुवीका जङ्गबहादुर कुँवर जन्मिए । उनी साच्चै नै नेतृत्व दिन सक्ने नेता भएकै कारण संस्कारलाई खलल नपारी राज्यको बागडोर आफ्नो हातमा लिएका हुन् । यदि उनले संस्कार भत्काएरै बागडोर हातमा लिन खोजेको भए तत्क्षण सत्ताबाट हात धुनु पर्ने थियो ।

पृथ्वी नारायण शाहपछि राजा महेन्द्र नै नेतृत्वकारी नेताका रूपमा जन्मिएका हुन् । उनको नेतृत्व खुवी पृथ्वीनारायण भन्दा फरक जङ्गबहादुर र माओत्सेतुङको संयुक्त रूपको पाइन्छ । उनले संस्कारलाई पनि भत्काउन खोजेका हुन् । मुलुकी ऐनको आमूल परिवर्तन, भूमिसुधार, निर्दलीय भनिने एकदलीय गाउँफर्क जस्ता थोरै नमुना उदाहरण हुन् । ती सबै कामले संस्कार भत्काउन मद्दत गरेको छ । भत्काएको छ । तर त्यसलाई बुद्धिमानी पूर्वक बिह्य संस्कारमा संसकार मिलान गरिएकोले सफलता हासिल गर्न सकिएको पाइन्छ ।

पृथ्वीनारायण शाहले निरन्तरता दिएको संस्कारलाई लामो कालसम्म दरवारीया भारदारले जोगाएर राख्न सफल भएका हुन् । त्यस संस्कारले राज्य व्यवस्था संचालनमा धुनपुत्लो लाग्न दिएनन् । राजा महेन्द्रको संस्कार बदल्ने कदंले सोझो पहिलो असर दरबारको संस्कारमा नै पर्न गयो । उनी माओत्सेतुङको एकदलीय शासन पद्धति र सांस्कृतिक क्रान्तिबाट निकै प्रभावित भएका हुन् । उनले जेजति सामाजिक परिवर्तन गरे ती धेरथोर माउत्सेतुङका परिवर्तनसँग मिल्दाजुल्दा छन् । माओको विअर फुटेर डाक्टर अभियानसँग नेपालको गाउफर्क राष्ट्रिय अभियान मिल्दो छ । गाउफर्क राष्ट्रिय अभियानको १० बुँदे कार्यक्रम कुरा मात्र होइन पुस्तिकाको आधार प्रकार र रङ्ग पनि मिल्दोजुल्दो छ ।

राजकुमारहरूको शिक्षादिक्षा उनको संस्कार बदल्ने प्रयासको महत्वपूर्ण पाटो हो । क्रिश्चियन संस्कार र पश्चिमा शैलीमा प्रदान गरिएको राजकुमारहरूको शिक्षाले रामराज्यका आदर्श र वैदिक सभ्यताको ज्ञानको ढोका नै बन्द गरिदियो । युवराज वीरेन्द्रले जुद्धोदय हाइस्कूलमा बोल्नुपर्दा नेपालीमा बोल्नै सकेनन् । उनले क्षमा मागे र छिट्टै नेपाली सिक्ने वाचा गरेका थिए । अर्को शब्दमा राजकुमारहरूको मात्री भाषा, दोश्रो भाषा बन्यो । वैदिक संस्कार दोश्रो संस्कार हुन पुग्यो । यसले दरबारको संस्कारलाई हलचल ल्यायदियो । यसले प्रशासन शैली र संस्कार शैलीमा पनि प्रभाव पार्दै गयो । चाणक्यको शुद्ध शासन शैलीमा आधारित प्रतिदिन दामासाहीले (रैन्डम) बाडेर पत्राचार गर्ने दरबारका आधा दर्जन प्रमुख सचिवहरूको पद्धति विस्थापन गरेर उद्योग धन्दामा लागू हुने जापानी व्यवस्थापन पद्धति लागू गरियो । त्यसकै कारण दरबारमा संस्कार विलोपन गराउने काम सँगैसंगै भ्रष्टाचार बढाउने काम पनि हुँदै गयो । मन्त्रालय, संस्थान र संस्थाहरूको सचिवहरू बीचको भाग वण्डाले उनीहरूबीच हिजो भइरहेको अन्तर सचिवालय बीचको सुमधुर सम्बन्ध पनि तोडिदै गयो । यसको प्रभाव सबै मन्त्रालय र विभागमा पनि पर्दै गयो । महाजनो एन गता सपन्था पौरस्क्ष्य सत्य सूत्र यहा पुष्टि भएको पाइन्छ । अमेरिकी प्रभावको राष्ट्रिय शिक्षा पद्धतिले त कसैले थाहै नपाउने गरी संस्कार भत्काइदियो । नव युवा पीडिले दिनानुदिन आफ्नो असल संस्कार त्याग्ने र अरूको खराब संस्कार सकार्ने काम बढाउँदै लगेका छन् । तामसी आवद्धता, तामसी आहार, तामसी पोशाक र तामसीकृत्य बढ्दै गएका छन् । यसको फाइदा प्रचारमा विश्वास गर्ने इशाई संस्कारले लिदै गएको छ । सेवाको नारा बोकेर उनीहरू गैसस नामले गाउँ गाउँ छ्यापछ्याप्ती फैलिएका छन् । जात भाषालाई सूत्र बनाएर रबर्ट च्याम्बरको पुटिड दि लाष फर्स्ट नाराले क्षमता, चेतना शीप र ज्ञानलाई तिरस्कार गराउँदै लगेकोछ । असक्षम र अयोग्यको शासन हावी हुँदै गएको छ । जहाँ पश्चिमाले प्रतिस्पर्धामा आधारित प्रजातन्त्र र उदार नीति आ-आफ्नो देशमा राम्ररी लागू गर्न सफल भएका छन्, तर तिनले विकासोन्मुख देशमा त्यसको ठीक लदाएका छन् । सायद असक्षम र कमजोर सत्तामा भए मात्र आफ्नो निर्देशनमा नचाउनु सकिने निहित स्वार्थ रहेको कारणले हुन सक्दछ । त्यो स्वार्थ नभएर पछि परेकालाई अगाडि बढाउने नियत भए तिनलाई उठाउने नीति बनाउन सघाउने थिए । पश्चिममा पछाडि परेकालाई आर्थिक र चेतनाको तह बढाउन चाहँदैनन्, केवल तिनलाई यथास्थितिमा राखेर सत्तामा पुऱ्याउन चाहन्छन् ।

---

# पुस्तकालयको अवस्था : बिगत, बर्तमान र भविष्य



सुरेशकुमार पाण्डे

देशमा सबै काम कार्वाई औपचारिकता पुरा गर्न मात्र हुनथाले । केहि महिना पहिले अर्थात १५ भाद्र अर्थात ३१ अगस्थका दिन नेपालभरिमा राष्ट्रिय पुस्तकालय दिवस मनाएका थिए । बिभिन्न कार्यक्रमको आयोजना गरेर मनाएपनि खासै जमघटका समाचारहरू सुन्न पाइएन ।

तर दाङको घोराहीमा १८औं राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा पठन संस्कृतिको विकासका लागि पुस्तकालय बिषयमा एकदिवसीय अन्तरक्रिया कार्यक्रमको आयोजना सर्वोदय पुस्तकालय तथा वाचनालय घोराही दाङले गरेको थियो । यो लामो समय भएपनि पुरानो भने भएको छैन । त्यो कार्यक्रमबाट फर्किए पछि मलाई पुस्तकालयको बारेमा केही लेख्ने मन लाग्यो । सवाल दिवस कसरी मनायौं भन्ने होइन की पुस्तकालयको विगतको अबस्था र बर्तमानमा गरिने व्यवहारले पुस्तकालयको भबिश्य कस्तो होला भन्नेबारे हो ।

त्यो कार्यक्रममा अपक्षनुसारको उपस्थिति थिएन तर पनि कार्यक्रम भने सब्य रूपमा सफल भएको थियो । यो कार्यक्रमबाट एउटा कुरा के बुझियो भने सैद्यान्तिक छलबलका कार्यक्रमहरूमा राजनैतिक दल र सँग संस्थाहरूको यस्ता कार्यक्रमहरूमा खासै महत्व नदिने परमपरा नै बसेको छ । अहिले यस्ता कार्यक्रमहरूको आयोजना त हुन्छन् तर नेता साहित्येकारहरूको जमघट भने नगन्य अवस्थामा देखिन्छ । जे हौस जो जतीको उपस्थित् भएपनि राष्ट्रिय पुस्तकालय दिवस सानदार रूपमा सर्वोदयले मनाएको थियो ।

मैले सधैंभरी प्रत्यक्ष उपस्थित भएर हेरेका कार्यक्रमहरूमा प्राय:जसो सर्वोदय पुस्तकालय तथा वाचनालयले आयोजना गरेका कार्यक्रमहरू अनुशाषित हुनेगरेका हुन्छन् । त्यसमा पनि जन सहभागी बाहेक कार्यक्रम सब्य बनेको थियो ।

पुस्तकालय दिवसको बारेमा बिभिन्न आदर्णिय बुद्धिजीवीहरूको बिचार सुन्न पाइयो । यो ऐतिहासिक बिषय नै हो ।

पठन संस्कृत राष्ट्रिय पुष्तक दिवसको बारेमा नेपालमा १५ भाद्र वि.स.१८६९ पुस्तकालय सेवा प्रारम्भ भएको थियो ।

नेपालमा पहिलो विश्वविद्यालय खोल्ने मोहन शमशेरको घोषणालाई सम्झेर पुस्तक दिवसको लामू इतिहासको खोजविन गर्ने प्रयास गरेकाछन् । राणहरूकाल देखि अहिले गणतन्त्रको यो अभदिमा देशमा थुप्रै उथलपुथल भएकाछन् । तिनैको बिगत, बर्तमान र भविश्यलाई लिएर साहित्यकारहरू, वौद्धिक व्यक्तित्वहरू छलफल गर्नु श्रवण गर्नु र चिन्तिन् मनन् गर्नु स्वभाबिक हो । हरेक वर्ष भदौ १५ गतेका दिन नेपालमा राष्ट्रिय पुस्तकालय दिवसको रूपमा मनाउने चलन छ । वि.स. २०६५ देखि भाद्र १५ गतेलाई पुस्तकालय दिवस पुस्तकालयका क्षेत्रमा भएका गतिबिधिहरू एवम् देशभरि पुस्तकालयको आवश्यकता बारे जानकारी गराउने उद्देश्यका साथ मनाउँदै आएका छौं ।

यस अर्थमा नेपालमा पुस्तकालय स्थापना भएको पनि २१४वर्ष भयो । हामिले पुस्तकालय दिवस मनाउनै थालेको पनि अहिले १८ वर्ष नाग्यो । नेपालको इतिहासमा पुस्तकालय स्थापना भएको त्यती लामू समय भएको त छैन तर पनि २१४ वर्षको अभदिपनि छोटो भन्न सकिदैन । यो अभदिमा जो जति विकास हुनुपर्ने हो त्यती भएको छैन । सुस्त-सुस्त धिमि गतिमा भएपनि पठनपाठन र साहित्यिक क्षेत्रमा केही बिकास हुँदै आएको छ ।

परापूर्वकालमा गुरूकुल शिक्षाका साथसाथै मन्दिर विहार, गुठी तथा गुम्बाहरूमा शिक्षा दिने प्रचलन रहेको थियो । जस्तो ताम्रपत्र, भोजपत्र, शिलालेखजस्ता हस्तलिखित सामाग्रीको संग्रह गर्ने गरेको इतिहास पाइन्छ ।

खास गरेर राणासाशनकालमै मल्लकालिन (नेपालको एकीकरण पूर्वको बाइसे चौविसे राज्यकालिन) समयको राजधानी भक्तपुरमा सकोठा नामक पुस्तकालयको अस्तित्व रहेको हामिले पढ्न पाइन्छ । नेपालको एकीकरण पश्च्यत पृथ्वीनारायण शाह (१७७९-१८१३) ले बिभिन्न राज्यबाट प्राप्त भएका बहुमूल्य हस्तलेखित् पाण्डूलिपीहरूलाई वि.स.१८२७ तिर काठमाण्डौको हनुमानढोका दरबारमा सङ्कलन गरी राख्न लगाएको समय पछि मात्र नेपालमा एउटा पुस्तकालय बनाई १८६९ भाद्र १५ गते पुस्तक चिताई तहबिल नामक नेपालको प्रथम औपचारिक पुस्तकालयको स्थापना भएको मानिन्छ ।

यही स्थापना दिवसलाई आधिकारिक प्रमाण मानेर अहिले २१४ वर्षको समयावधी भित्र नेपाल अधिराज्यको जसरी विकास हुनुपर्ने थियो नभएको देखिन्छ । लेख रचनाहरू शासकिय आधारका उनिहरूकै गुणगानमा बितेका विशयहरू छँदैछन् । व्यवस्थापन बिषयमा पनि कञ्जुसाई गरेको देखिन्छ ।

तरपनि "निरौला यादवचन्द्र,राजिन्द्र विरविक्रम शाह (१८७०-१९३८)ले पनि वि.स.१८९८ अर्थात सन् १८४१ तिर उक्त पुस्तकालयमा पुस्तकहरू थप्दै गएकोले शाहा राजाहरू त्यो वेला शीक्षाप्रति उदार भएको देखिन्छ । यद्यपि त्यो पुस्तकालयमा "कार्की मधुसुदन" तत्कालिन समयमा उक्त पुस्तकालयमा राजघरानाका सदस्य तथा उच्च विदेशी पाहुनाहरूको रहन्थ्यो । राणाकालिन समयमा पनि शिक्षा तथा पुस्तकालयको क्षेत्रमा केहि कार्य भएको देखिएता पनि त्यसले समाजमा उल्लेख्य परिवर्तन भने ल्याउन सकिन । जङ्गबहादुर राणाले हनुमानढोकामा रहेको सामाग्रीहरूलाई थापाथली स्कुलमा स्थानतरण गरी मुन्सिखान र जैसिकोठामा विभाजन गरेर राखेका थिए । वि.स.१९१० (१९००) मा विर लाइब्रेरी स्थापना गर्न लगाए व्यबस्थित रूपमा पुस्तकहरूको संग्रह गर्न लगाए भने देवशमशेरले सन् १९२८ मा उक्त पुस्तकालयलाई सर्वसाधारणको लागि खुल्ला गराएका थिए ।

त्यसरी के बुझ्न गारो प्रदैन भने समयको चापमा साशकहरूको शिक्षा प्रतिको झुकावपनि हुँदै आएको देखिन्छ । उनिहरूले जसरी शिक्षालाई आफू तिर ढाल्ने अर्थात आफ्नै स्वर्थको लागि प्रयोग गर्ने र आमा जनताहरूलाई शिक्षा द्वारापनि भ्रमित गर्ने कामहरू हुँदैआएकाछन् ।

सन् १९१८मा स्थापित भएको त्रिचन्द्र कलेजमा पनि पुस्तकालयको व्यबस्था भएको छ । यसरी कयौं संघ संस्थाहरूमा पुस्तकालय लाइब्रेरीको स्थापना भएको छ ।

पछिल्लो पटकमा हालका प्रधानमन्त्री के.पी.शर्मा ओलीले आफ्नो निजी निवासलाई पनि ट्रष्ट मातहत रहनेगरी नेपाल सरकारलाई हस्तानतरण गरी सोही भवनमा पुस्तकालय निर्माण गरेको पनि जानकारीमा आएको थियो । यसरी यस्ता पछिल्लो समयको सुखद् र सकारत्मक पक्ष हुन् ।अहिलेको अबस्थामा नीजि तथा सरकारी क्षेत्रहरूमा पुस्तकालयहरूको व्यबस्था गर्ने काम बिस्तारै हुँदै आएको छ ।

आजको अबस्थामा जहाँ मोबाइल नेट र बिभिन्न एपहरूको सञ्जालको भिडमा पनि कयौं पुस्तकालयहरूले आआफ्ना पुस्तकालयहरूलाई व्यवस्थित बनाउन प्रयासरत छन् ।यसतो व्यवहार सकारत्मक हो ।

तर पनि हाम्रा सन्ततिहरूले पुस्तकालयमा ध्यान नदिनु पुस्तक भन्दा नेटमा बढी व्यस्थहुनु भनेको नकारात्मक पक्ष पनि छ । त्यो भन्दा पनि उनीहरूले अध्यायन गर्ने सामाग्री कस्तो छ ? त्यसको अध्ययनबाट उनीहरूलाई साररिक र मानसिक रूपमा त्यसको असर कस्तो परेको छ । त्यस बारेमा पनि सजग हुनुपर्ने हुन्छ ।

स्कुलका पाठ्यपुस्तक घोकेर मात्र पनि विद्यार्थिहरूलाई फाइदा हुँदैन । आजको प्रतिस्प्रदात्मक अबस्थामा डिग्री भन्दापनि नाँलेज त्यो पनि शारीरिक मानसिक रूपमै पर्खर निपूर्णतता हुनुपर्दछ । घोकन्ते विध्याले मात्र उनीहरू पूर्णरूपबाट शिक्षित् हुन कठिन हुन्छ । त्यसैले पाठ्यपुस्तक घोक्नुको सँगै व्यवहारिक पक्षमा पनि ध्यान दिनुपर्ने हुन्छ ।

हामीले विगतका इतिहासबाट शिक्षा लिएर बर्तमानमा आफ्नो राष्ट्रियता र स्वतन्त्रताको हितका लागि के कस्ता योजनाहरू बनाउने भन्ने बारेमा सचेत हुनुपर्दछ । त्यो अध्यानले नै गराउँने छ ।

हिंजोका दिनहरूमा आफूले चाहेका पुस्तकहरू भेट्न असाध्य गारो हुन्थ्यो । एउटा दार्शनिकको जीवनी समेत खोज्न राजधानी पुग्नु पर्द थ्यो अथवा विदेश जानुपर्दथ्यो ।तर आज हाम्रै बाजारमा पुस्तकालयहरू छन् जे भन्यो त्यही पुस्तक पाउन सक्छौं । त्यो मात्र होइन आज सर्वोदय पुस्तकालय तथा वाचनालय जस्ता संस्थाहरूले पुस्तक निसुल्क रूपमा अध्यान गर्नसक्ने बातावर्ण तैयार पारिदिएको छ । यो वाचनालयमा निशुल्क पुस्तिका लिएर अध्यान् गर्न पाउनुहुने छ । यसरी आजको अवस्थामा गरिब श्रमजिविहरूले पनि अध्यान गर्न चाहेमा सित्तैमा अध्यायन गर्न सक्छन् । यसरी बुझ्ने हो भने आज नेपालको इतिहासमा करिव दुईसय वर्ष पछिको अवस्था एक प्रकारले गुणात्मक रूपमा विकास गर्न सफल भएको छ । त्यो विकास भनेको अपक्षाकृत होइन । अझै पनि पुस्तकालय राम्रो ढङ्गबाट व्यवस्थित हुन सकिरहेको छैन ।

पुस्तकालय विगतमा कसको सेवामा खटिएको थियो ।बर्तमानमा यसको शिक्षाको स्वरूप कस्तो छ?र यो शिक्षा प्रणालिको भविष्य कस्तो हुनेहोला ? यही बिषयबस्तुमा आधारित यो छोंटो लेख हो । जसलाई हामिले माथि विस्तारपूर्वक बिचार गरिरसकेका छौं । हामीले भविश्यको जग अहिले नै बलियो गराउन सके हाम्रो पुस्तकालयको मात्र होइन हाम्रो समग्र चौतर्फिए रूपमा शिक्षा प्रणालीलाई व्यबस्थित गर्न सकिन्थ्यो ।

वौद्धिक बर्गले बिगतको गहन खोजमूलक अध्यायन अनुसंधान गरेर निश्पक्ष्य रूपमा भावी योजना बनाएर जानुपर्दछ । हाम्रो समाज कतै प्रगतिसिलको नाउमा छाडा हुने र संस्कारी बन्ने नाउमा अत्यन्तै संकीर्ण प्रकारको बिचार रूढीवादी र काम नलाग्ने खालकालाई पनि जोगाउने प्रयात्न गरेको देखिन्छ । यी दुबै बिचारधारा गलत हुन् ।

समाजमा परिवर्तन हुनुपर्छ नराम्रोको ठाउँ राम्रोले लिनुपर्छ नकारत्मक बिचारबाट सकारत्मक बिचारमा पुग्न सक्नुपर्छ । त्यसैले राणा राजा वा गणतन्त्रवादी जुनसुकैले पनि गरेको राम्रोकामको सम्मान र शम्रक्षण हुनुपर्द छ । कसैले पनि हाम्रो भन्दा राम्रोको पक्षपोषण गरौँ । राजनीतिमा लागेकाहरूले पनि यस्ता कार्यहरूमा निरन्तर भागलिने र ज्ञान आर्जन गर्ने प्रयास गर्नुपर्दछ ।

आजको अवस्थामा साहित्यिक क्षेत्रमा भाषा शिक्षा र देशभक्ति भावनाका रचनाहरू लेख्ने र वाचन गर्ने अध्यान र अनुसन्धान गर्ने परमपरा छ ।तर राजनैतिक सक्टरमा जसलाई अध्यान्को अत्याधिक खांचो हुन्छ उनिहरूनै यस्ता कार्यबाट बिमुख हुने गर्दछन् । अर्थात आफ्नै पार्टीका पुस्तकहरू बाहेक अन्य पत्रपत्रिकाहरूको अध्ययन नगर्ने बिस्वास नगर्ने र आफ्नै सही भनेर ठोकुवा लगाउने कठमूल्लावाद बिचारधारा बनेका हुन्छन् । जसले उनिहरूलाई अपरिपक्क र गैरजिम्मेदाराना बनाइदिन्छ ।

हाम्रो घोराहीको बजारमा स्थित सर्वोदय पुस्तकालय तथा वाचनालयबाट हामीले धेरै शिक्षा हासिल गर्न सक्छौं । निशूल्क पुस्तकहरू अध्यायन गरेर । बालबालिकाहरू समेतलाई उपस्थित गराएर अध्यनशील र सचेत बनाउन सकिन्छ । हामीले राम्रो बाटो नपछ्याउनु भनेकै नराम्रो बाटोमा हिंडेको हुन्छ ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ पुस १, Dec. 16, 2025





अन्तिम पातो - शाश्वत शर्मा

## राजा नै केन्द्रविन्दुमा छन्

सुशीला सरकारको हालै भएको बिस्तार, एमालेको ११औं अधिवेशन, भिजिट भिसा प्रकरणमा भइरहेको थुनछेकका घटना, राप्रपाको एकदिने प्रदर्शन र ३ दिने केन्द्रीय समितिको बैठकको निष्कर्ष र केही जेनजी समूहवीच सम्पन्न सरकारी सम्झौता र राजपत्रमा प्रकाशित घटना प्रकरणभन्दा पनि राजा ज्ञानेन्द्रको फ्रेन्चकट दाह्रीसहितको अलि दुब्लाएको शरीरले अझै चर्चा पाइरहेको छ । इटहरितिरको भाटभटेनी सुपर मार्केटमा किनमेल गर्न जानु भएका राजाको उक्त लुक्ससहितको फोटले राजनीतिक अर्थ दिइरहेकै छन् । त्यसो त राजनीतिक र कूटनीतिक बृत्तमा पूर्वराजाको चर्चा बाक्लिएको सुनिन्छ । यसबाट थाहा हुन्छ, नेपालमा राजतन्त्रको मुद्दा केन्द्रविन्दुमा नै छ । भलै राजसंस्थावादी पार्टी, व्यक्ति, संस्थाहरूले दह्रो आन्दोलनको रूपरेखा दिन नसकुन्, राजतन्त्र नेपाली राजनीतिको शिखरमा रहेको जोकसैले अनुभव गर्न सक्छन् । त्यसो त नेपाली राजनीति जेनजी आन्दोलनको बिस्फोटनपछि ज्यादै तरल स्थितिमा छ । यसले जस्तोसुकै आकार लिन पनि सक्छ । अराजकता र अस्थिरताका अनेक जोखिमहरू देखिएका छन् । स्वयम् पार्टीहरू चुनावमा जाने कि नजाने, संसद पुनर्स्थापना गराउने कि भनेर दुई डुङ्गामा टेकेर राजनीति गरिरहेका छन् । राजा भनेको नेपालको मौलो हो, अभिभावक हो भन्ने तह र तप्का दिनदिनै बढेर गएको छ । कांग्रेसका गोपालमान श्रेष्ठ, शंकर भण्डारी, सुनिल शर्माहरूले दह्रै वकालत गरेपछि कुनै कृयाकलाप नगरे पनि राजसंस्था स्वत: चर्चाको केन्द्रमा पुग्नु गएको छ ।

पूर्वराजा हाल पूर्वतिरको बसाई र भेटघाटमा व्यस्त देखिनुहुन्छ । झापको चियाबगानतिर उपल्लो तहका नेताहरूसँग पनि भेटवार्ता गरेका अपुष्ट खबर सार्वजनिक भएका फोटोहरूले बताइरहेकै छन् । केही दिन अघि पूर्वराजाले कांग्रेस उपसभापति पूर्णबहादुर खड्कासँग वार्ता गर्दै गरेको तस्वीर सार्वजनिक भएको थियो । पूर्वराजा सार्वजनिक रूपमा निस्कृय रहेपनि भित्रभित्रै राष्ट्रको बिग्रदो परिस्थितिप्रति चिन्तित रहेको सहजै अनुमान गर्न सकिन्छ । जेनजी आन्दोलनका बेलामा राजाविरोधी माधव कुमार नेपालले आत्तिदै दिएको प्रस्तावमा पूर्वराजाले आमराजनीतिक सहमति खोजेको विषय बाहिर आएकै हो । यसको अर्थ पूर्वराजा थप अस्थिरता र द्वन्द्व नचाहेको प्रष्ट बुझ्न सकिन्छ । क्रिकेटको एनपीएलसकियो, एमालेको महाधिवेशन समाप्ति हुँदैछ, यसपछि कांग्रेसको महाधिवेशन छ । अब खेल सुरू हुन्छ, फागुन २१ मा चुनाव हुने कि म्याद थप्ने कि संसद पुनर्स्थापना हुने हो कि अनेक तर्कवितर्क उठिरहेकै छन् । सुशीला सरकारलाई फाल्ने खेल देखिन्छ, अर्को सरकार पनि बन्नसक्छ । सुशीला सरकारले जेनजीको एजेण्डामा काम नगरेको, समय घर्काएको आरोप पनि लागेकै छ । अन्य ससाना गुटहरू पनि आन्दोलन गर्ने मूडमा छन् । खासगरी दुर्गा प्रसाई थामथुम भएका हुन् कि होइनन्, सहकारी, लघुवित्त, मिटरव्याज पीडितहरू तात्न थालेका छन् । स्थिति भयावह हुँदैछ, यो भयावहता सम्हाल्ने कुनै पनि नेतामा साहस र क्षमता देखिदैन । विश्वासको संकटमा परेका नेताहरू टाउको उठाउन त थालेका छन् तर समाजमा जान डराइरहेका छन् र समाजले ठूला पार्टी र नेतालाई स्वीकार गरेको अवस्था छैन ।

आशा र भरोसा राजसंस्थामा कायम छ । राष्ट्रपति, पूर्व विशिष्टश्रेणीकादेखि गाउँपालिकासम्म भ्रष्टाचारको क्यान्सरले ग्रस्त गलित छन् । राजनीतिक बर्गमा विवेक छ भने संवाद, सहमति र सहकार्यका साथ अघि बढेर प्रजातन्त्र बचाउन र सुशासन दिन अग्रसर हुनुपर्ने हो । त्यसै पनि अलोकप्रिय बनिसकेका नेताहरू अझै जनताको आँखामा छारो हाल्न सकिन्छ भनेर नसोचे बेश हुनेथियो । चुनाव फागुन २१ मा तोकिएको छ, आमनागरिकमा पटक्कै उत्साह छैन । यसको कारण भनेकै लामो समयदेखि शासनसत्तामा व्यभिचार र अपराध फैलाउने यिनै तत्व हुन् ।

हो, पसल थापेझैं सयौं दल दर्ता भएका छन् । दल दर्ता हुनु भनेको प्रजातन्त्र बलियो भएको होइन । यति सानो देशमा दलैदलको दलदल भनेको पनि भ्रष्टाचार नै हो । नीति, सिद्धान्त, नैतिकताको कसीमा कुनै दल खरो उत्रनसक्ने देखिदैन । जब चुनावमय वातावरण बनेकै छैन भने कसरी चुनाव सम्भव छ र ? न चुनाव सम्भव देखिन्छ, न अदालतबाट संसद पुनर्स्थापना हुन्छ नै भन्न सकिन्छ । चुनाव अथवा संसद पुनर्स्थापना दुबै स्थितिमा देखिने र बढ्ने भनेको अराजकता नै हो । राजनीतिक दलहरूले स्थिरता, शान्ति, सुशासन र समृद्धि खोजेका हुन् भने जेनजी पुस्ता लगायतका सबैखाले राजनीतिक शक्तिहरूसँग संवाद, सहकार्य र सहमतिको वातावरण निर्माण गर्नैपर्छ । तबमात्र देश गतिमान हुनसक्नेछ । हिजो राजाका कारणले स्थिति खराव भएको भनेर जतिसुकै आक्षेप लगाएपनि बिगत १७ वर्षले देखाइसक्यो कि कारण राजतन्त्र होइन रहेछ । इतिहासमा वर्तमानमाजस्तो अन्धकारमय अन्यौल कहिले पनि थिएन । ०३६, ०४६, ०६३ सालमा राजतन्त्रले जन-असन्तुष्टिलाई संवोधन गरेर एउटा निकास दिएको थियो । अहिले राति सुतेर उठ्दा देश रहन्छ कि रहँदैन, मान्छे सुरक्षित उठ्छ कि उठ्दैन भन्ने भय छ । असुरक्षा, अशान्ति, भ्रष्टाचार, राष्ट्रघात र बाहुबलीतन्त्रले सीमा नाघेको छ । यिनै सडेगलेका पुरना र नयाँ पात्रहरूबाट केही हुनेवाला छैन । तसर्थ, राजसंस्था आजको आवश्यकता हो । त्यही भएर नै केही गरे पनि नगरे पनि, बोले पनि नबोले पनि राजाको चर्चा शिखरमा रहेको देखिन्छ । पार्टीका कार्यक्रममा नेताका कुरा सुन्न मुस्किलले मान्छे जानेगर्छन्, खासगरी कार्यकर्ताहरू । तर राजा जहाँ जाँदा पनि स्वागत र अभिनन्दन गर्ने, तस्वीर लिनेहरूको भीड लाग्छ । किन त ? फेरि पनि भनौं, सतहमा अहिलेसम्म नदेखिएको मात्र हो, राजा नै सर्वेसर्वा भइसकेका छन् । राजा नै एकमात्र आशाको केन्द्र मानिएको छ । राजतन्त्र पुनर्स्थापना गर्न अन्तिम धक्काको जरूरत देखिन्छ । स्मरणीय के पनि छ भने राजतन्त्र पुनर्स्थापना भइसक्ने थियो, राप्रपा, राजावादी, हिन्दुवादी भनिएकाहरू सबै अवसरवादी र त्याग गर्न नसक्ने खालका भएकाले भ्रष्टाचार, दुराचारीहरूको हालीमुहाली कायम रहेको हो । जेनजी पुस्ताले तीन त्रिलोक, चौधभुवन देखाइदिएका छन्, सबैको विवेकको बिर्को खुलोस् ।




# एमालेको खुल्ला शौच र नेमकिपाको लूट

रूषा थापा
(thaparusha80@gmail.com)

सरकार भन्छ-नेपाल खुल्ला दिसापिसाबमुक्त तर उपत्यकाभित्रै दलका कार्यकर्ता खुल्ला रूपमा गरिरहेका छन् शौच !

भक्तपुरमा विश्व सम्पदामा सूचीकृत मठमन्दिर, सम्पदा धेरै पाइन्छन् । यहाँको जमिन खेतीपातीका निम्तिसमेत निकै उर्वर मानिन्छ । तर, अहिले घर र बाटो बनिसकेको छ ।

सानो जिल्ला भक्तपुरमा सरकारी, सार्वजनिक, गुठी, ऐलानी, मठमन्दिर, आर्यघाट, वनजंगल, तालपोखरी, हदबन्दी बढीलगायतका जग्गा थुप्रै थिए । राजपरिवारको जग्गासमेत यहाँ थियो । तर, अहिले ती सबै जग्गा व्यक्तिका नाममा गइसक्यो ।

भक्तपुरमा ढुंगेधारा, कुँवा, इनार, पाटीपौवा, चौतारा पनि पर्याप्त थिए । अहिले यी सम्पदा कतिपय मासिएका छन् त कतिपय जीर्ण अवस्थामा पुगेका छन् । सल्लमघारी तीनकुनेमा ठूलो खाली चौर छ । यो जग्गाको कुल क्षेत्रफल एक सय आठ रोपनी दुई आना एक दाम छ । वि.सं.२०२४ सालमा तत्कालिन राजा महेन्द्रले आफ्ना कान्छा छोराका निम्ति यो जग्गा प्रतिरोपनी एक हजार रूपैयाँमा स्थानीयसँग किनेका थिए । ०६५ सालमा राजतन्त्रको अन्त्यसँगै यो जग्गा नेपाल ट्रष्टको संरक्षणमा आएको छ । तर, ट्रष्ट यो जग्गाबारे बेखबर छ । जसको फाइदा पार्टीका कार्यकर्तालाई भइरहेको छ ।

एक सय आठ रोपनी जग्गामध्ये अहिले बढीमा ६०-६५ रोपनीमात्र बाँकी छ । अन्य जग्गा कब्जा गरेर मजदुर किसान पार्टीका कार्यकर्ताले ठूल्ठुला घर ठड्याएका छन् । अहिले यहाँ जग्गाको मूल्य आनाकै २५ लाखदेखि तीन करोडसम्म छ । मंसिर २७ गतेदेखि २९ गतेसम्म भएको नेकपा एमालेको ११ औं महाधिवेशन सल्लाघारी तीनकुनेको यही खाली चौरमा भयो ।

सल्लाघारी तीनकुनेको खाली चौरमा कराँते, डाइभिङ सिकाउनेदेखि चटपट, चिया, बदम बेचबिखन गरिन्छ । घाम ताप्न वृद्धवृद्धाहरू तथा फुटबल, खेल्न युवा, बालबच्चाहरू आउने गरेका छन् । तर, अहिले त्यहाँ बस्नै नसक्ने अवस्था भएको छ ।

एमालेले मजदुर खटाएर महाधिवेशनका लागि स्टेज बनायो, अध्यक्ष केपी शर्मा ओलीको फोटो टाँस्ने काम भयो, आसपास एउटै सार्वजनिक शौचालय थिएन । अनि चौरमै खाल्डो खनेर दिसापिसाब गरिरहेको अवस्था देखियो । जसका कारण पूरै चौर, भक्तपुरफोहोर बनेको छ ।

एकातिर चौरमा खुल्ला रूपमा दिसापिसाब गर्दा त्यहाँ आउने मानिसहरूलाई हेर्न लाजमर्दो भएको थियो, अर्कोतिर जताततै दिसापिसाब गर्दा चौरमा जानै नसक्ने अवस्था सिर्जना भएको थियो । सल्लाघारी चौरमा घाम ताप्न भनेर पुगेका एक व्यक्तिले भने, 'अब त यहाँ आउँदिन । न हिँड्ने सक्ने अवस्था छ न बस्ने । महामारी फैलिनसक्छ ।

मजदुर किसान पार्टी र भक्तपुर नगरपालिकाको कार्यक्षमतामाथि समेत प्रश्न उठेको छ । मजदुरका अध्यक्ष नारायणमान बिजुक्छें, पूर्वसांसद प्रेम सुवाल र भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले आफूहरूले भक्तपुरमा धेरै विकास गरेको दाबी गर्दै आएका छन् । एउटा शौचालय समेत नबनाउनु कस्तो विकास हो ?

सल्लाघारीमा मात्र होइन, भक्तपुरका अन्य ठाउँमा पनि कतै सार्वजनिक शौचालय भेटिँदैन । जबकी भक्तपुरमा पाँचतले मन्दिर, पञ्चपन्ने झ्याल, सुनको ढोका, दत्तात्रय मन्दिरलगायत सम्पदा हेर्न दिनहुँ हजारौंको संख्यामा स्वदेशी र विदेशी पर्यटक आउने गरेका छन् । तर, उनीहरूलाई दिसापिसाब लागेमा जाने ठाउँ नै छैन । यसले पर्यटकलाई असर पर्नुका साथै विदेशीसामु नेपालकै बेइज्जत हुन पुगिरहेको छ ।

जग्गा नेपाल ट्रष्टको भएपनि भाडा चाँहि नगरपालिकाले असुल्दै आएको छ । हरेक वर्ष सल्लाघारी चौरमा विभिन्न जिल्लाबाट खसीबोका ल्याएर बेचबिखन गरिन्छ । त्यसरी खसीबोका बेचेबापत व्यापारीसँग नगरपालिकाले एक साताकै ४५ हजारदेखि लाखौं रकम असुल्यो । अन्य कारोवारबाट पनि पैसा असुलिन्छ । त्यसरी असुलेको रकम नेमकिपाको गोजीमा जाने गरेको छ ।

०८१ फागुन १६ गतेदेखि १९ गतेसम्म मजदुर किसान पार्टीले आठौं महाधिवेशन यही जग्गामा गरेको थियो । त्यतिबेला पनि खाल्डा खनेरै दिसापिसाब गरिएको थियो । पछि त्यो खाल्डा नपुर्दा त्यहाँ बस्नै नसक्ने अवस्था सिर्जना भएको थियो । कतिपय त बिरामी नै परे । ०४८ देखि ०७० सालसम्म भक्तपुर क्षेत्र नम्बर १, बाट मजदुरका अध्यक्ष नाराणमान बिजुक्छेले चुनाव जिते ।

०७४ देखि ०७९ सम्म उनैले उठाएका प्रेम सुवालले चुनाव जिते । तर, चुनाव जितेको यतिका दशकौंदेखि उनीहरूले केही गरेनन् । उल्टै राजा र ०४६ सालअघि गरिएका कामलाई आफ्नो दाबी गरी उनीहरूले भक्तपुरबासीलाई भ्रमित बनाएका छन् ।

भूमि ऐन, ०२१ सालमा राजा महेन्द्रले ल्याएका थिए । त्यस्तै, ०४३ असार २ गतेदेखि ०४६ चैत २४ गतेसम्म मरिचमान सिंह श्रेष्ठ प्रधानमन्त्री थिए । त्यतिबेला भूमिसुधार र परराष्ट्र मन्त्री शैलेन्द्रकुमार उपाध्याय थिए । उनैले भक्तपुरको नगरकोटलाई पर्यटकीय स्थल घोषणा गरेका थिए । यो पनि आफैंहरूले गरेको भनि बिजुक्छे, सुवालले भक्तपुरबासीलाई भ्रममा राखेका छन् । भक्तपुरमा जतिपनि मठमन्दिर, सम्पदा छन्, ती राजाको पालामा बनेका छन् । ०४६ सालपछि यहाँ एउटै मठमन्दिर बनेको पाइँदैन ।

सल्लाघारी आर्मी ब्यारेक दायाँबायाँ, चंगा गणेश, ट्याम्पो पार्क, सिर्जनानगर, राधेराधे र राधेराधेको भाटभटेनी, निर्माणाधीन १५ तले भवन, डाइभिङ सेन्टरहरू, राजेश हार्डवेयर र आसपास घर बनेका जग्गा सरकारी, ऐलानी हुन् । ०२१ सालमा नापी हुँदा यो जग्गालाई सरकारी, ऐलानी, गुठी भनि राखिएको थियो । यहाँ ०२९ सालसम्म एउटै घर बनेको थिएन ।

०३५ सालमा तिनै व्यक्तिले ढुंगामाटोमा घर बनाए । त्यसपछि यहाँ मजदुरका अन्य कार्यकर्ताले पनि जग्गा कब्जा गरे । यो क्रम जारी छ ।

## मतदानमा सहभागी बनौं ।

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो ।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं ।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं ।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरूपमा लिएर जाऔं ।
- दबाब र प्रभावमा परी मतदान नगरौं ।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं ।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं ।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

